महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मेलौली नगरपालिका

बैतडी






महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मेलौली नगरपालिका

### बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मेलौली नगरपालिका

### बैतडी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

पत्र संख्याः २०७९।८०
च.नं. ५७२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
मलौली नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले मलौली नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ६ करोड ७१ लाख ४ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५३ लाख ८० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ५४ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५१ लाख ७३ हजार र पेश्की रू. ११ लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रु ९ करोड ९१ लाख ८० हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १६ करोड ६२ लाख ८४ हजार रहेको छ। नगरपालिकाको बेरुजू वर्गीकरण एवं अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

मलौली नगरपालिका, बैतडी

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८६ | ७४ | ६७१०४ | ० | ० | ० | ८६ | ७४ | ६७१०४ | ५३८० | १५१७३ | ४५४५१ | ० | ० | ६०६२४ | ११०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| मलौली नगरपालिका बैतडी | ९९१८० | ० | ० | ९९१८० | ० | ६७१०४ | १६६२८४ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : मेलौली नगरपालिका, बैतडी , मेलौली नगरपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhanu Bhakta Bhatt | २०७८-९-१८ | २०७९-२-१३ |
| कार्यालय प्रमुख | Jagdish Prasad Joshi | २०७९-२-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रकाश गिरी | २०७८-९-२० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६७,१०४,४७३.७८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,९५,३३,६७०.०४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९,५४,४६,००० | **चालु खर्च** | ३१,३१,६७,८०४.६४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७९,५१,००० | **पूँजीगत खर्च** | ९,४२,४७,९२१.३५ |
| **राजश्व बाँडफाँट** | ७,५५,०९,८५१.२१ | **वित्तीय/अन्य व्यवस्था** | १६,४१,६९,८२४.८१ |
| **आन्तरिक आय** | ४६,९७,८०३ | | |
| **अन्य आय** | ११,२०,४७,८८९.४ | | |
| **कुल आय** | ६०,५६,५२,५४३.६१ | **कुल खर्च** | ५७,१५,८५,५५०.८ |
| **बाँकी मौज्दात** | | ६,३६,००,६६३.२९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस २०७३ मा यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मेलौली नगरपालिकाको उद्देश्य रहेको छ । यस मेलौली नगरपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, ११९.४३ वर्ग किलोमिटर क्षेत्रफल र २२ हजार ५४५ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।५।३० मा व्यवस्थापनसँग छलफल सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| ३ | | | **वित्तीय विवरण परीक्षण** | |
| ३.१ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १९,३८,३०५.४ ले फरक देखिएको छ ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च | |

<table>
<tr><td></td><td></td><td></td><td>शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भए तापनि आर्थिक विवरणले सम्पूर्ण कारोबार एकिकृत विवरण प्रस्तुत गर्दैन । • पालिकाले यस आर्थिक वर्षमा रु.६३५१८६२१४।०९ को आय व्यय विवरण पेश गरेकोमा सामाजिक सुरक्षा तर्फको रु.१०४१५५३६८।० र सडक वोर्ड नेपाल तर्फको रु.४५३५३०४।१२ समेत रु.१०८६९०६७२।१२ सुत्रको म.ले.प. फाराम नं.२७२ मा समावेश भएको छैन । कार्यालयको सम्पूर्ण आर्थिक कारोबार फरक सफ्टवेयरको प्रयोगको कारण एकिकृत आर्थिक विवरणमा समाबेश भएको पाइएन । एकै सफ्टवेयरको प्रयोग गर्ने तथा समग्र कारोबार समवेश हुने गरी एकीकृत आय व्यय निर्माण गर्नेतर्फ सम्बन्धित निकाय र पालिकाको ध्यान जानुपर्दछ ।<br>अतः तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.२</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको —स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्तमा भन्दा वैङ्क स्टेटमेन्टमा निम्नानुसार रु.१९३३०५।४ फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता</td><td>११४७३८०२.७</td><td>७५६३७१७.३४</td><td>३९१००८५.३६</td></tr>
<tr><td>२</td><td>पूँजीगत खर्च खाता</td><td>१०२२९३७९.९८</td><td>१२२०११५९.९९</td><td>-१९७१७८०.०१</td></tr>
<tr><td>३</td><td>धरौटी खाता</td><td>६५१८८१४।९८</td><td>६५१८८१४।९८</td><td>०.</td></tr>
<tr><td>४</td><td>राजश्व खाता</td><td>१५२८४४०।७</td><td>१५२८४४०।७</td><td>०.</td></tr>
<tr><td>५</td><td>प्रकोप खाता</td><td>२०३०५३।९१</td><td>२०३०५३।९१</td><td>०.</td></tr>
<tr><td>६</td><td>विविध खाता</td><td>१।१२</td><td>१।१२</td><td>०.</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२९९५३४९३.४</td><td>२८०१५१८८.</td><td>१९३८३०५.४</td></tr>
</table></td><td>१,९३८,३०५.४</td></tr>
</table>

३.३ **विविध खर्च खाता -** सरकारी रकम खर्च गर्दा एकिकृत रुपमा एकै बैंक वा सकेसम्म एकै खाताबाट कारोबार गर्नुपर्दछ । जस अनुसार पालिकाले पनि न्युनतम खाताबाट कारोबार गर्नुपर्नेमा देहायअनुसार खाता खोली कारोबार गर्ने गरेको छ । कुनै एक शिर्षकको लागि बढीमा १ मात्र खाता भए हुनेमा विनाकारण र स्पष्ट आधार वेगर संचालनमा रहेका निम्न खाता बन्द गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | नमवर | रकम मौज्दात | कैफियत |
|---|---|---|---|---|
| १ | ग २.७ विविध खर्च खाता | १४९०००००३७९०१ | २७४००१.१२ | कारोबार NCC बैंकबाट हुने गरेको र २०७७।३।२७ देखि कारोबार नभएको |
| २ | ग ५.१ विविध कोष खाता ३ | १४९०००००१४१०१ | ९३०७९७०.०० | |
| ३ | ग ५.१ विविध खर्च खाता १ | १४९०००००१३८०१ | १०००००.० | |
| ४ | मुल संचित कोष खाता | ४०५०३०४०१८१०४ | ५७८६२०.३१ | |
| | जम्मा | | १०२६०५९१.४३ | |

४ **आन्तरिक नियन्त्रण प्रणाली**

४.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयलाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५९ जनाको दरबन्दी रहेकोमा ३२ दरबन्दी रिक्त रहेको पाईयो,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु ३,०३,५२,९८५।४ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक गरेकोले पाइएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४.२ | | | **बेरुजु लगतः** महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फर्स्यौट लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ । | |
| ४.३ | | | **कार्य सम्पादन** - स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन (LISA रिपोर्ट) को पछिल्लो प्रतिबेदन अनुसार २०७७/७८ मा कुल १०० अंकमा ६५.२५ अंक प्राप्त गरेको देखिन्छ । पालिकाले समग्र कार्य सम्पादनमा थप सुधार गरे उक्त अंकमा अझ थप अंक प्राप्त गर्न सक्ने अबस्था रहने हुँदा समग्र कार्य सम्पादन सुधारका लागि पालिकाको थप प्रयाश हुनुपर्दछ । | |
| ४.४ | | | **सम्पत्ति हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ४.५ | | | **आन्तरिक लेखापरीक्षण र शाखा —** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।<br>त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर मेलौली नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री कुमारी राधा ओझाले मिति २०७८।३।१० गते रु.५६ करोड १८ लाख १२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१८। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६ | | | **बजेट सीमा निर्धारण समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |
| ८ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति-**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>रु हजारमा<br><table><tr><th>क.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr></table> | |

| | | | | जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४४६१ | १६९१९ | ४.१५ |
| २ | पूर्वाधार विकास | १४९६८२ | ७०४६९ | १७.३ |
| ३ | सामाजिक विकास | २९८२४८ | २४१५७० | ५९.२९ |
| ४ | बातावरण तथा विकास | १५३०४ | १२९४६ | ३.१८ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ० | ० | ० |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७४११७ | ६,५५,०९ | १६.०८ |
| **जम्मा** | | **५६१८१२** | **४०७४१३** | १०० |

उल्लेखित विविरण अनुसार सबैभन्द वढी सामाजिक विकासमा ५९.२९ प्रतिशत र सबैभन्दा घटी वातावरण तथा विकासमा ३।१८ प्रतिशत रहेको छ । संस्थागत विका, सेवा प्रवाह र सुशासनमा बजेट नै विनियोजन भएको देखिएन ।

९

**चौमासिक पूँजीगत खर्च -**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रकम रु हजारमा

| **क.स.स** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| १ | चालु खर्चतर्फ | ३१३१६७ | ७९०८२ | ८०७५८ | १५३३२६ | १२७०६५ |
| २ | पूँजिगत खर्चतर्फ | ९४२४७ | 0 | १२२३१ | ८२०१६ | ६२३४८ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td>४०७४१४</td><td>७९०८२</td><td>९२९८९</td><td>२३५३४२</td><td>१८९४१३</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>१९.४</td><td>२२.८२</td><td>५७.७६</td><td>४६.४९</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४० करोड ७४ लाख १४ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७ करोड ९० लाख ८२ हजार अर्थात १९.४ प्रतिशत, दोश्रो चौमासिकमा रु. ९ करोड २९ लाख ८९ हजार अर्थात. २२.८२ प्रतिशत र तेश्रो चौमासिकमा रु.२३ करोड ५३ लाख ४२ हजार, अर्थात ५७.७६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १८ करोड ९४ लाख १३ हजार अर्थात ४६.४९प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
खर्च बिश्लेषण -<br>
पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ४६,९७,८०३।४ राजस्व बाँडफाँड र अनुदानबाट रु ४८,८९,०६,८५१।० समेत रु ४९,६७,९९,३७२।३२ आम्दानी भएकोमा चालु तर्फ रु ३१,३१,६७,८०४।६४ र पूँजिगत तर्फ रु ९,४२,४७,९२१।३५ र बित्तिय ब्यबस्था तर्फ रु समेत रु ३,६०,४५९।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।९३३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १,०१,६६,५००।- खर्च भएको छ जुन आन्तरिक आयको २१६।४१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४९.३ प्रतिशत चालु र १४.८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
सेवाप्रवाहको स्थिति<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१९९०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मृत्युदर्ता</td><td>२७१</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>९७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>३०१</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कानुन निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ३० वटा नियमावली र कार्यविधि लगायत ४७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>न्यायीक समिति —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ६ र यो बर्ष थप भएको ७ गरी कुल १३ विवाद दर्ता भएकोमा ६ वटा मात्र फर्स्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<table><tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>९</td><td>९</td><td>२</td><td>७</td></tr></table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कर्मचारी करार<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १६ पदमा ३७ जना कर्मचारीहरु करारमा राखि रु. ६३२४११० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १२ पदमा २०</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जना करार नियुक्ति गरी बर्षभरीमा रु. ५०२७७५०। भुक्तानी गरेको देखिन्छ। कानुन बमोजिम ओ एण्ड एम गरेर मात्र कर्मचारी पदपुर्ति गर्ने व्यवस्था मिलाउनु पर्दछ। | |
| १७ | | | **तलबी प्रतिवेदन**<br>निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५० को व्यवस्था अनुसार जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निजामती कर्मचारीहरूको तथा पालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट स्थानीय स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्नेमा पालिकाले आर्थिक वर्ष २०७८।७९ मा ४ जना निजामती तथा २५ जना स्थानीय स्थायी गरी जम्मा २९ जना स्थायी कर्मचारीहरूको जम्मा रू. १,४६,१२,६४३। वर्षभरी तलब भत्ता भुक्तानी गरेको पाइयो। नगरपालिकाले उक्त कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगराई तलव भत्ता भुक्तानी गरेकोमा सो को ग्रेड यकिन गर्न सकिएन। तलव खर्च लेख्दा तलवी प्रतिवेदन पारित गरेरमात्र खर्च लेख्नु पर्दछ। | |
| १८ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६÷७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: ८३; रु १ लाख देखि २ लाखसम्म: ४४; रु २ लाखदेखि ५ लाखसम्मका: २९; रु ५लाख देखि १० लाखसम्मका: ७; रु १० लाखभन्दा बढीको: २१; जम्मा: १८४<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ ० हजार देखि. ७ करोड सम्मका जम्मा १८४ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ८३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ | |
| १९ | | | **पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि दिएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेका कार्यलाय प्रमुखले त्यसरी फर्स्यौट हुन बाँकि रहेको पेश्कि रकम, पेश्कि लिनेको नाम थर,स्थायी तथा अस्थाई ठेगाना, सम्पर्क फोन नम्बर र मोबाइल नम्बर र इमेल ठेगाना सहित कुन काम बापत पेश्कि दिएको हो सो समेत खुलाई आर्थिक बर्षको जिम्मेवारी सारी प्रमाणित गर्नुपर्न उल्लेख छ । पालिकाले नियमावलीको व्यवस्था बमोजिम प्रमाणित गराएको पेश्कि बाँकीको विवरण निम्न बमोजिम रहेको छ । पेश्कीको नामनामेसी खुलाई नियमावलीले तोकेको अवधि भित्र फछ्र्यौट गर्नु पर्ने रु. | १,१००,००० |

Nested table in row १८:

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ८३ | ४४ | २९ | ७ | २१ | १८४ |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><th>वजेट उपशिर्षक</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr><tr><td>३११५९</td><td>मेलौली भगवती मन्दिर परिसर फोहरमैला व्यव्थापन वडा नं १</td><td>न्यू केदार ट्रेड एण्ड सप्लायर्स</td><td>०</td><td>७०००००</td></tr><tr><td>२२७११</td><td>स्थानीय तहबाट प्राथमिक सूचना संकलन</td><td>चन्द्र प्रकाश भट्ट</td><td>०</td><td>४०००००</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td></td><td>११०००००</td></tr></table> | |
| २० | | | **आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>४८८९०६८५१।२१</td><td>४६९८८०३।४</td><td>०।९३३</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०।९३३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २१ | | | **व्यवसाय कर**<br>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु १,२५,६३७।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २२ | | | **ठेक्का नलगाएको** | |

दहत्तर बहत्तर शुल्क — सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । साथै उक्त ऐनको दफा १२ मा यस ऐनमा उल्लेख गरिएको दरहरु आवश्यताअनुसार प्रदेश सरकारले मात्र परिवर्तन गर्ने सक्ने उल्लेख छ । जसअनुसार स्थानीय तहले ऐनमा तोकीएको भन्दा घटी हुने गरी दर निर्धारण तथा असूल गर्न सक्ने देखिदैन । यस पालिकाको २०७८।४।८ को निर्णय नं १३ मा मेलौली न पा को आर्थिक बर्ष २०७८।७९ को बजेट कार्यक्रम तथा नीति अनुसार यस पालिका भित्र उत्खनन हुने ढुङ्गा, गिट्टी, बालुवा तथा बसपार्क प्रतिस्पर्धाको आधारमा ठेक्का लगाउने निर्णय गरेको देखिए ठेक्कापट्टाको कुनै कारबाही नहुदा अबैद्य उत्खनन भई पालिकाको आय गुम्न जाने अबस्था आउने हुँदा तत्काल ठेक्कापट्टाको प्रकृया सुरु गरी उत्खनन हुने ढुङ्गा, गिट्टी, बालुवा तथा बसपार्क संचालन कार्यलाई व्यबस्थित तुल्याउनु पर्नेमा सो अनुसार गरेको पाइएन । ठेक्कापट्टाको कारबाही नगर्दा डिभिजन सडक कार्यालय पाटन बैतडीले ठेक्कापट्टा लगाएका पाटन - पञ्चेश्वर सडक खण्डका निर्माण व्यबसायीले यस पालिकाको क्षेत्रबाटसमेत ढुङ्गा गिट्टीको उत्खनन गरी पाटन बैतडीकामा निर्माण भएको एअरपोर्टका निर्माण व्यबसायीलाई बिक्री गरी निजीरुपमा आय आर्जन गरेको जानकारी पालिकालाई भए पनि पालिकाबाट अनुगमन तथा मुल्याँङ्कन गरी कुनै कारबाही नचलाउदा पालिकालाई हुन सक्ने आय गुम्न गएको छ । यस सम्बन्धमा पालिकाले आबश्यक प्रकृया तत्काल सुरु गर्नुपर्दछ ।

२३

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २०,००,००० | २०,९९,९२४।०४ | १०५ |
| घरजग्गा वहाल कर | ३७५००० | १,२८,६६४।८३ | ३४।३१ |
| व्यवसाय कर | १,३०,००० | १,२५,६३७ | ९६।६४ |
| अन्य कर | ३,००,००० | २२९०८०।५ | ७६।३६ |
| अन्य प्रशासनिक सेवा शुल्क | ५,००,००० | ४,५८,४७६ | ९१।७ |
| न्यायिक दस्तुर | ४५,००० | ३८,७०० | ८६ |
| नक्सा पास दस्तुर | १,००,००० | ८,००० | ८ |
| सिफारिस दस्तुर | ५,००,००० | ३,८४,८०० | ७६।९६ |

| | | | |
|---|---|---|---|
| व्यक्तिगत घट्ना दस्तुर | ४,५०,००० | ३,२५,७४४ | ७२।३९ |
| नता प्रमाणित दस्तुर | १,००,००० | ७६,३०० | ७६।३ |
| अन्य दस्तुर | ७,००,००० | ६,७९,३५० | ९७।५ |
| बेरुजू | ५०,००० | १०००० | २० |
| **जम्मा** | **५४,००,०००** | **४६,९८,८०३** | **८७।०१** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **निरिक्षण नभएको**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्था यस कार्यालयलाई प्राप्त हुनु पर्ने सबै राजश्व प्राप्त भई कानूनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| २५ | | | **आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ५४,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु ४६,९८,८०३।४अर्थात अनुमान भन्दा १२।९९ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २६ | | | **ठेक्का व्यवस्थापन** | |
| २६.१ | | | यस पालिकाले यस आर्थिक बर्षमा निम्न विबरण अनुसारको कार्य ठेक्कापट्टाको माध्यमबाट काम गराएको विवरण उपलव्ध गराएकोमध्ये केही ठेक्काको अबस्था निम्न अनुसार रहेको छ ।<br>(रकम रु. हजारमा मु अ कर समेत ) | |

| क सं | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | | | म्याद सम्बन्धि विवरण | | | | सम्झौता र भुक्तानी सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्य सम्पादन जमानत | | सम्झौता मिति | काम समाप्त गर्नुपर्ने | म्याद थप कायम मिति | कार्य सम्पन्न भएको | लाग अनुमान | सम्झौता रकम | हालसम्मको भुक्तानी |
| | | | | रकम | म्याद | | | | | | | |
| | 02/SQ/CMS/078/079 | मेलाली नगर स्टेडियम फेज ५ | दोगडा यु दृष्टि निर्माण सेवा | 186 | 13/02/2080 | 17/08/2078 | 15/12/2078 | | 25/03/2079 | 1532 | 1034 | 1034 |
| | 03/SQ/COB/078/079 | बसपार्कनिर्माण फेज२ | मेलौली निर्माण सेवा | 214 | 19/02/2080 | 20/08/2078 | 15/12/2078 | 31/03/2079 | 25/03/2079 | 958 | 431 | 429 |
| | 04/NCB/MBPB/078/079 | मेलौली भगवती परिसर फोहोरमैला व्यवस्थापन | न्यूश्रीकेदारनिर्माणसेवा | 1865 | 29/02/2080 | 28/8/2078 | 15/03/2079 | 30/07/2079 | | 1187 | 7066 | 2348 |
| | 06/NCB/LKTR/078/079 | लामालेक खलिगाड तितावै सडक४र५ | दुर्गाभवानी निर्माण सेवा | 2132 | 29/02/2080 | 28/08/2078 | 30/12/2078 | 30/07/2079 | | 736 | 2757 | 463 |
| | 08/NCB/NSYJ/078/079 | नानी गाड सिचाई योजना जर्कू | दुर्गाभवानी निर्माण सेवा | 329 | **29/02/2080** | **28/08/2078** | **15/12/2078** | **31/03/2079** | **25/03/2079** | 2395 | 1532 | 1349 |
| | 10/NCB/MCB/078/079 | मणिलेक क्याम्पस | न्यू श्री केदार निर्माणसेवा | 1897 | **29/02/2080** | **28/08/2078** | **15/03/2079** | **30/07/2079** | | 11519 | 6665 | 3456 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फिल्ड तथा भौतिक पूर्वाधारनिर्माण | | | | | | | | | | |
| | 11/NCB/WOB/078/079 | वडानं ६ वडा कार्यालय भवन निर्माण | न्यू जगदम्बा निर्माण सेवा | 930 | 06-04-2080 | 01-08-2079 | 20/03/2079 | 30/07/2079 | | 6484 | 4066 | 1440 |
| | 12/NCB/CAB/078/079 | मणिलेक मा.वि. भवन निर्माण | न्यू जगदम्बा निर्माण सेवा | 1645 | 05-07-2080 | 15/11/2078 | 15/03/2079 | 30/07/2079 | | 9500 | 5324 | 2483 |
| | 13/NCB/HKR/078/079 | हराडा खान कोल्तडी सडक ९ मेलौली | न्यू श्रीकेदार निर्माण सेवा | 385 | 05-02-2080 | 11-10-2078 | 15/02/2079 | | 20/03/2079 | 2346 | 1366 | 1239 |
| | 14/SQ/NSYJ/078/079 | नानीगाड सिचाई योजना जर्कू फेज २ | मेलौली निर्माणसेवा | 40 | 28-01-2080 | 01-08-2079 | 20/03/2079 | | 20/03/2079 | 814 | 814 | 814 |
| | 16/NCB/HSR/078/079 | हराडा खान सिम दोगडा रोड ८ फेज २ | गंगेश्व रनिर्माण सेवा | 435 | 04-02-2080 | 01-08-2079 | 20/03/2079 | | 20/03/2079 | 2020 | 1129 | 952 |
| | 17/NCB/LKTR/078/079 | लामालेक खलिगाड तितावै सडक ४ र ५ फेज २ | शुक्र कमली निर्माण सेवा | 1030 | 28/01/2080 | 30/12/2078 | 20/03/2079 | 30/07/2079 | | 4848 | 2293 | |
| | 19/NCB/LTR/078/079 | लामालेक थ्वारोड वैतडी फेज २ | गंगेश्वर निर्माण सेवा | 235 | 04-02-2080 | 01-08-2079 | 20/03/2079 | 30/07/2079 | | 2167 | 1392 | 743 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | 20/NCB/MBPB/078/079 | मेलौली भगवती परिसर फोहोरमैला व्यवस्थापन फेज २ | न्यू जगदम्बा निर्माण सेवा | 825 | 04-06-2080 | 01-08-2079 | 0/03/2079 | 30/07/2079 | | 4570 | 2502 | 1919 |
| | 21/NCB/MSB/078/079 | मणिलेकमा.वि. वाउन्ड्री वाल निर्माण फेज २ | न्यू जगदम्बा निर्माण सेवा | 402 | 25/04/2080 | 03-03-2079 | 20/03/2079 | 30/07/2079 | | 3989 | 2876 | 2359 |
| | 02/WO/2077/078 | वडानं ४ वडा भवन | न्यू जगदम्बा निर्माण सेवा | 700 | 30/03/2078 | 15/10/2077 | 30/02/2078 | 30/07/2079 | | 5519 | 4170 | 2682 |
| | 08/RC/2077/078 | हराडाखान कोल्तडी सडक फेज २ मेलौली वडानं ९ | शाही निर्माण सेवा | 700 | 30/12/2078 | 11-11-2077 | 30/02/2078 | 30/09/2078 | 12-02-2078 | 2688 | 1313 | 1022 |
| | 05/CB/2076/077 | व्यवसायिक भवन | एम. के. बिल्डर्स एण्ड कन्स्ट्रक्सन | 1673 | 16/06/2079 | 20/11/2076 | 20/05/2078 | 30/07/2079 | | 28391 | 19278 | 6637 |
| | 16/MBM/2077/078 | मेलौली भगवती मन्दिर जाने बाटो, मन्दिर पार्क तथा परिसर निर्माण | गौरा कन्स्ट्रक्सन | 10000 | 29-02-2080 | 04-11-2078 | 06-06-2080 | | | 70000 | 33735 | 4080 |
| | 06/RC/2077/078 | घरेलु जर्कू सडक फेज २ | न्यु हुनैनाथ निर्माण सेवा | 2656 | 30/09/2079 | 16/11/2077 | 30/02/2078 | 30/09/2078 | 21/12/2078 | 1,0055 | 4223 | 3930 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | 10/RC/2077/078 | स्वाखानी तोल्या सडक फेज २ | दोगडा यु दृष्टि निर्माण सेवा | 444 | 18/12/2078 | 21/11/2077 | 30/02/2078 | 30/09/2079 | 15/01/2079 | 2341 | 1511 | 1494 |
| | 01/OB/2076/077 | मेलौली नगरपालिका भवन पहिलो र दोस्रो तल्ला निर्माण | न्यू हुनैनाथ निर्माण सेवा | 2202 | 08-12-2078 | 11-07-2076 | 03-01-2076 | | | 13173 | 7549 | |

उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् —

| | | | | |
|---|---|---|---|---|
| २६.२ | | | ठेक्का सम्झौता गर्दा निर्माण व्यबसायीले पेस गरेको कार्य सम्पादन जमानतको म्याद त्रुटी सुधार गर्ने समय सकिने समयभन्दा थप एक महिना बढीको हुनुपर्ने कानुनी तथा सम्झौतामा उल्लेखित शर्तमा उल्लेख छ । तर माथी उल्लेखित सबै ठेक्काका लागि पेश भएका कार्य सम्पादन जमानतले त्रुटी सुधार गर्ने समय सकिने समयभन्दा थप एक महिना बढी अबधिसम्म बहाल रहने देखिएन । तोकिए अनुसारको जमानत नलिनु नियमित देखिएन। यसमा सुधार हुनुपर्दछ । | |
| २६.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । त्यस्तै ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्यावधिक गर्नु पर्ने भए पनि कार्य तालिका नै पेश गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्दै तोकिएको समयमै सबै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| २६.४ | | | निर्माण कार्यलाई गुणस्तरयुक्त बनाउन गुणस्तर परीक्षण गर्नु पर्ने र गुणस्तर परीक्षणका लागि गुणस्तर परीक्षणको प्रकार र पटक अनुसार परीक्षण भए नभएको सम्बन्धमा सम्बन्धित साइट इन्जिनियरले कुनै उल्लेख गर्ने गरेको छैन। तसर्थ प्रत्येक बिलको भुक्तानीमा प्राविधिक नाप जाँच एवं मुल्यांकनको अतिरिक्त उक्त भुक्तानीबाट भएको कार्यमा सम्बन्धित साइट इन्जिनियरबाट गुणस्तर परीक्षण गर्नुपर्ने र परीक्षण गरेको प्रत्येक पटक स्पष्टरुपमा खुलाई सिफारिस साथ भुक्तानीको लागि पठाउने व्यवस्था गर्नुपर्दछ ।माथि तालिकामा उल्लेखित ठेक्का लगायत अन्य सबै ठेक्कामा गुणस्तर | |

| | | | | |
|---|---|---|---|---|
| | | | परीक्षण गरेको पाइएन । सबै कार्यको गुणस्तर परीक्षण गर्ने गराउने अनिबार्य व्यबस्था गरी निर्माण गरेको कार्यको गुणस्तरको सुनिश्चितता हुने व्यबस्था हुनुपर्दछ । | |
| २६.५ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन । अतः यसको डी एल पी मा रहेका ठेक्काको अद्यावधिक अभिलेख राखी त्रुटी सुधार गर्नुपर्ने अबधिमा कुनै कमी कमजोरी देखिए सोमा सुधार गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| २६.६ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको पनि देखियो । निर्माण व्यवसायीले म्याद थपको पहिलो निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोऱ्याउदै म्याद थप गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ | |
| २६.७ | | | निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा त्यस्तो कार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले निम्न कार्यका लागि सम्झौताको शर्त अनुसार प्रोभिजनल समको वापतको रकम भुक्तानी गरेको पाईयो । त्यस्तो कार्यमा भएको खर्चको यथार्थ सक्कल विल विजक पेश गरी भुक्तानी दिनु पर्नेमा सक्कल विल बिजक पेश नगरी भुक्तानी दिएकोले भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. | ४८,४३६.३२ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ठेक्का नं</td><td>निर्माणको विवरण</td><td>निर्माण सेवा</td><td>बापत</td><td>रकम मु अ कर समेत</td></tr>
<tr><td>05/NCB/HSR/078/79</td><td>हरडाखान सिमदोगडा रोड</td><td>गंगेश्वर निर्माण सेवा</td><td>बिद्युत,पानी र नहर सम्बन्धी काम</td><td>४८४३६।३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६.८</td><td></td><td></td><td>सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार 06/NCB/LKTR/078/79बाट काम गराउने लामालेक खलिगाड तितावै सडक निर्माण कार्यमा बाहेक अन्यमा बीमा भए गरेको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी सबै कार्यमा वीमा गराउने एवं ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.९</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको छ । सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा सो सच्याएरमात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने व्यबस्था गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२६.१०</td><td></td><td></td><td>सार्बजनिक खरिद नियमावली २०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । माथी उल्लेखित सबै ठेक्कामा उपरोक्त अनुसार सुचना राखेको प्रमाण राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन। यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.११</td><td></td><td></td><td>निर्माण व्यबसायीलाई मोबिलाइजेसन पेश्की उपलव्ध गराउँदा ठेक्का अबधिमा नबढने गरी पेश्की फर्स्यौट नहुने अबधिसम्मका लागि बहाल रहने कार्य सम्पादन जमानत बहाल रहनु पर्दछ । तर माथी तालिकाको क्र सं १८ मा उल्लेखित ठेक्का नं 05/CB/2076/077 मा उल्लेखित व्यबसायीक भवनका निर्माण व्यबसायी एम. के. बिल्डर्स एण्ड कन्स्ट्रक्सनले लिएको मोबिलाइजेसन पेश्की मध्ये अझै रु.२०,००,०००।को बैंक जमानतको</td><td>२,०००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | म्याद २०७८।६।१२ मा नै सकिए पनि लेखापरीक्षण समय २०७९।५।१४ सम्ममा पनि फर्स्यौट भएको देखिएन । बैंक जमानतको अबधि सकिई सक्दा पनि पेश्की फर्स्यौट नहुनु मनासिब देखिएन । आइन्दा यस्तो व्यहोरा अनुसार पेश्की नदिने सुनिश्चितता सहित पेश्की रकममा प्रचलित कानुन बमोजिम सुद समेत गणना गरी अशुल फर्स्यौट गर्नुपर्ने रु. | |
| २६.१२ | | | पालिकामा सञ्चालित बिभिन्न योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीबेक्षणका लागि पालिकाका उपप्रमुखको अध्यक्षतामा समिति गठन गर्ने व्यबस्था अनुसार यस पालिकामा पनि उपप्रमुखको अध्यक्षतामा समिति गठन भए पनि उल्लेखित ठेक्काबाट गरीएका कार्यको अनुगमन तथा सुपरीबेक्षण गरेको देखिने प्रमाण ठेक्का फाइलमा रहेको पाइएन । तोकिएका सबै कार्यको अनुगमन तथा सुपरीबेक्षण गरी निर्माण कार्य समयमै सम्पन्न गर्ने र निर्माण कार्यको उच्चतम गुणस्तर कायम गर्न अनुगमन तथा सुपरीबेक्षणका समिति सजग रहनु पर्दछ । | |
| २६.१३ | | | **मेलौली नगरपालिका भबनको पहिलो र दोस्रो तल्ला निर्माण ठेक्का**<br>क सं २२ मा उल्लेखित ठेक्का नं 01/OB/2076/077को लागत अनुमान तयार गर्दा Providing and laying of first class bricks in(1–4) c/s mortar above ground floor with proper curing in perfect line and level all complete as per instruction of site engineer भनि कुल ९६.४ घ मी को प्रति घन मिटरको रु.१७,७३४।३६( मु अ कर बाहेक) उल्लेख थियो । उक्त कार्यको ठेक्कापट्टा गर्दा पालिकाले तयार गरेको बि ओ क्यू मा घन मी हुने स्थानमा स्कायर मिटर भई सोही अनुसार निर्माण व्यबसायीले रु.५,८००।(मु अ कर) कबोल गरे पनि ठेक्का सम्झौता गर्दा घन मिटरकै आधारमा सम्झौता गरेको छ । ठेक्कापट्टा गर्दा यस्ता अबस्था आउनु मनासिब नहुने हुँदा आइन्दा यस्तो अबस्था नआउने तर्फ पालिकाको ध्यान जान आबश्यक देखिन्छ । | |
| २६.१४ | | | उक्त निर्माण कार्य २०७७।३।१ मा कार्य सम्पन्न गर्ने गरी २०७६।११।७ मा सम्झौता भएको देखिन्छ । निर्माण व्यबसायीले समयमा काम सम्पन्न नगरी काम सम्पन्न गर्ने समय सकिएको एक बर्ष पछि २०७८।३। (गते नखुल्ने, पत्र दर्ता नगरेको) निर्माण अबधि थपका लागि निबेदन पेश गरे पनि कार्य सम्पादन जमानत र अग्रिम पेश्की जमानतका लागि पेश गरेको बैंक ग्यारेन्टीको अबधि सकिएकोले कुनै कारबाही अघि बढाएको छैन । समयमा काम सम्पन्न नगरी काम सम्पन्न गर्ने समय सकिएको एक बर्ष पछि कार्य सम्पादन र पेश्की जमानतको म्याद थप नगरी निर्माण अबधि थपको निबेदन पेश गर्नु ठेक्का सम्झौता अनुसार भएको नदेखिएकोले ठेक्का सम्झौता अन्त्य गरी अन्य प्रकृयाबाट निर्माण कार्य सम्पन्न गर्ने वा सबै जमानतको म्याद थप गरी सम्झौता अनुसार सम्झौता रकमको १० प्रतिशतमा नबढने गरी पूर्ब निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गर्नु पर्ने रु. | ७५४,९१५ |
| २६.१५ | | | पालिकाले उक्त कार्यका निर्माण व्यबसायीले तोकिएको समयमा काम सम्पन्न नगरेको र काम समेत नगरी रहेको अबस्था भएकोले २०७८।२।२३ मा कार्य सम्पादन जमानत र पेश्की जमानत जफत गरी कालो सूचीमा राख्ने प्रकृया सुरु गरीने भनि निर्माण व्यबसायीलाई पत्र पठाएकोमा कोभिड लगायतका कारणले काममा ढिलाई भएको भनि जवाफ पठाएकोमा कार्य सम्पादन जमानत र पेश्की जमानत को अबधि थप नगराउँदा समेत उक्त जमानत रोक्काका लागि पालिकाका जिम्मेवार व्यक्तिहरु उदासिन रहँदा २०७८।८।१२ सम्म बैंक जमानत रहेको पेश्की रु.१३,३६,०००।(गत बर्ष बेरुजू कायम) जोखिममा परेको देखिएको आबश्यक कारबाही गरी पेश्की रकममा सुद समेत गणना गरी अशुल फर्स्यौट हुनुपर्ने रु | १,३३६,००० |

| | | | | |
|---|---|---|---|---|
| २६.१६ | | | लेखापरीक्षण अबधि २०७९।५।१२ मा उक्त कार्यालय भबनको निर्माण कार्य सुरु गरेको देखिए पनि केही गारो बाङ्गो देखिएको, पहिलो तल्लाका झ्याल र गारोमा पानी पर्दा नभिज्ने गरी टप समेत निकाल्ने गरी काम गर्नु पर्नेमा टप नलिकाली पानी पर्दा लगाएको गारो र झ्याल भिज्ने र पानी कोठाहरुमा छिर्ने गरी निर्माण गर्दै गरेको देखियो । ड्रईङ्ग डिजाइन तथा सम्झौतामा तोकिएको कामको परिमाण एवं डीजाईन बिपरित हुने गरी भएका सबै काममा सुधार गर्न लगाउनु पर्दछ । | |
| २६.१७ | | | उक्त ठेक्कमा गत बर्षसम्म रु.२४,३७,३३८। भुक्तानी भइ सकेको भनि लेखापरीक्षण प्रतिबेदनमा औल्याएकोमा यस बर्ष उपलव्ध गराएको ठेक्काको बिबरणमा पेश्की बाहेक कुनै रकम भुक्तानी नभएको भनि विवरण उपलव्ध गराएको छ । उक्त रकम भुक्तानी भए नभएको यकिन गरी प्रमाण पेश हुनुपर्न रु. | २,४३७,३३८ |
| २६.१८ | | | पालिकाले संघीय सरकार र प्रदेश सरकारबाट स्वीकृत कार्यक्रम अनुसार प्राप्त रकम खर्च गरी बचत रहन गएमा सो रकम सम्बन्धित सरकारको संञ्चित कोषमा फिर्ता पठाउनु पर्दछ । तर यस पालिकाले निम्न अनुसारका कार्यका लागि पालिकाको स्वीकृत कार्यक्रम र बजेट अनुसार ठेक्कापट्टाको प्रकृयाबाट काम गराउँदा प्रतिस्पर्धाको माध्यमबाट लागत अनुमानभन्दा घटी कबोल भई बाकी रहन गएको रकमबाट थप काम गराउने गरी थप कामका लागि ठेक्कापट्टा गरेको देखियो । यसरी काम गराएका ठेक्काको अबस्था निम्नअनुसार छन्– (रकम रु. हजारमा मु अ कर समेत) | |

| क सं | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी को नाम र ठेगाना | कार्य सम्पादन जमानत | | म्याद सम्बन्धि विवरण | | | | सम्झौता र भुक्तानी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रकम | म्याद | सम्झौता मिति | काम सम्पन्न गर्ने मिति | म्याद थप कायम मिति | कार्य सम्पन्न मिति | लागत अनुमान | सम्झौता रकम | हालसम्म भुक्तानी | |
| १ | 14/SQ/NSYJ/078/079 | नानीगाड सिचाई योजना जर्कू फेज २ | मेलौली निर्माण सेवा | 40 | 28/01/2080 | 01-08-2079 | 03-20-2079 | | 20/03/2079 | 814 | 814 | 814 | |
| २ | 15/NCB/COW/078/079 | मणिलेक क्याम्पस | न्यू श्री केदार | 1,020 | 26/03/2080 | 01-08-2079 | 03-20-2079 | | 20/03/2079 | 4,597 | 2,079 | 2,077 | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फिल्ड तथा भौतिक पूर्वाधार निर्माण फेज २ | निर्माण सेवा | | | | | | | | | | |
| ३ | 16/NCB/HSR/078/079 | हराडाखान सिमदोगडा रोड ८ फेज २ | गंगेश्वर निर्माण सेवा | 435 | 04-02-2080 | 01-08-2079 | 03-20-2079 | | 20/03/2079 | 2,020 | 1,129 | 952 | |
| ४ | 17/NCB/LKTR/078/079 | लामालेक खलिगाड तितावै सडक ४ र ५ फेज २ | शुक्र कमली निर्माण सेवा | 1,030 | 28/01/2080 | 30/12/2078 | 03-20-2079 | 30/07/2079 | | 4,848 | 2,293 | | |
| ५ | 18/NCB/HKWR/078/079 | हराडाखान कान्तिपुर वडा कार्यालय सडक वडा नं ९ फेज २ | गंगेश्वर निर्माण सेवा | 55 | 26/03/2080 | 01-08-2079 | 03-20-2079 | | 25/03/2079 | 1,209 | 1,208 | 1,208 | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | 19/NCB/LTR/078/079 | लामालेक थ्वा रोड बैतडी फेज २ | गंगेश्वर निर्माण सेवा | 235 | 04-02-2080 | 01-08-2079 | 03-20-2079 | 30/07/2079 | | 2,167 | 1,392 | 7,43 | |
| ७ | 20/NCB/MBPB/078/079 | मेलौली भगवती परिसर फोहोरमैला व्यवस्थापन फेज २ | न्यू जगदम्बा निर्माण सेवा | 825 | 04-06-2080 | 01-08-2079 | 03-20-2079 | 30/07/2079 | | 4,570 | 2,502 | 1,919 | |
| ८ | 21/NCB/MSB/078/079 | मणिलेक मा.वि. वाउन्ड्री वाल निर्माण फेज २ | न्यू जगदम्बा निर्माण सेवा | 402 | 25/04/2080 | 03-03-2079 | 03-20-2079 | 30/07/2079 | | 3,989 | 2,876 | 2,359 | |

| | | | | |
|---|---|---|---|---|
| २६.१९ | | | तालिकामा उल्लेखित काममध्ये क्र सं १,२,३ र ५ को काम सम्पन्न भए पनि क्र सं ४ को रु.२२ लाख ९३ हजार, क्र सं ६को रु.६ लाख ४९ हजार, क्र सं ७ को रु.५ लाख ८३ हजार र क्र सं ८ को रु.५ लाख १७ हजार सहित कुल रु.४० लाख ४२ हजारको काम सम्पन्न हुन बाँकी रहेको देखिन्छ । सम्पन्न हुन बाँकी कामका लागि संघीय सरकार र प्रदेश सरकारबाट बजेट तथा कार्यक्रम प्राप्त हुने अवस्था सुनिश्चित नभएकोले पालिकाकै कार्यक्रमबाट भुक्तानी दिइने भनाई पालिकोको रहे पनि संघ र प्रदेशबाट प्राप्त कार्यक्रममा पालिकाले बजेट बचत रहेकै आधारमा थप काम गराउनु मनासिब देखिदैन ।यस्तो प्रकारबाट काम गर्ने पद्धतिमा सुधार गर्दै काम सम्पन्न गर्ने अबधि थप गरेका कामको आबश्यक प्रकृया पुरा गरी काम सम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु. | ४,९४२,००० |
| २७ | | | **मु.अ. कर विजक बेगर मु.अ.कर भुक्तानी** | ४४,५३१ |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण, कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको कार्यमा उपभोक्ता समितिलाई संलग्न दर विश्लेषण अनुसार सिमेन्ट खरिदको मु.अ.कर सहित रकम भुक्तानी भएकोमा सिमेन्ट खरिदको मु.अ.कर विल संलग्न नरहेकोले मु.अ.कर बापतको रकम असुल दाखिला गर्नुपर्ने रु.

| भौ.नं. | कार्यक्रम | कामको विवरण | परिमाण | रकम |
|---|---|---|---|---|
| १७-१२।१५ | केदार आ.वि. घेरावार निर्माण | PCC 1–2–4 | २.१ घ.मी. | १४८५.० |
| २०-१२।१५ | पोखरी निर्माण निर्मैलिबाट | PCC 1–2–4 | २.८१ घ.मी. | १९७२.० |
| ३२-१२।१७ | पताल देखि दाउगोडा सम्म बाटो वडा नं. ६ | PCC 1–2–4 | ६ घ.मी. | ४२४३.० |
| ५२-१।१५ | सतभंग भवन निर्माण जर्कु | PCC 1–2–4 | ७.९७ घ.मी. | ५६३६.० |
| ५२-१।१५ | सतभंग भवन निर्माण जर्कु | 20 mm thik 1–4 c/s morter | ६८.७६ब मि. | १२१६.० |
| ६६-३।१ | द्वारसैनी पोखरि पर्खाल निर्माण | PCC 1–2–4 | ३.२८ घ.मी. | २३२०.० |
| ६०-१।१७ | नाईमरया पिसिसि बाटो निर्माण | PCC 1–2–4 | ४.५६ घ.मी. | ३२२५.० |
| ४७-१।१५ | घट्टीगाड सिँचाइ निर्माण | PCC 1–2–4 | ४.४७ घ.मी. | ३१६१.० |
| ७५-३।६ | घट्टीगाड पिसिसि बाटो निर्माण | PCC 1–2–4 | १०.५५ घ.मी. | ७४६१.० |
| १०२-३।१३ | राजुको भुतदेव मन्दिर निर्माण ढणौन | PCC 1–2–4 | ३.८८ घ.मी. | २७४४.० |
| १२३-३।१९ | मल्लो सुनी पोखरी निर्माण | PCC 1–2–4 | २.९९ घ.मी. | २११५.० |
| १२५-३।१९ | गोल्थाला नुन्थली पिसिसि बाटो निर्माण | PCC 1–2–4 | ४.६५ घ.मी. | ३२८८.० |
| १२८-३।२० | बेतला मन्दिर सिडी निर्माण | PCC 1–2–4 | ३.९८ घ.मी. | २८१५.० |
| १६४-३।२४ | कार्तिका मन्दिर निर्माण बागगोठा | PCC 1–2–4 | ४.०३ घ.मी. | २८५०.० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>४४५३१</td></tr></table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>थप प्रमाण नभएको<br>उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी सम्बन्धी कार्य गर्दा उपभोक्ता भेला गरेको माइन्युटका अतिरिक्त उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण प्रमाण पेश गरेको देखिदैन ।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>बढी भुक्तानी<br>योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार दर विश्लेषण गरी सोही अनुसार लागत अनुमान तयार गर्ने र सोही बमोजिम भुक्तानी दिनुपर्दछ । पालिकाले देहायबमोजिमको उपभोक्ता समितिलाई PCC 1:2:4 work in foundation and wall कार्यको लागि संलग्न दर विश्लेषण अनुसार प्रति घ.मी. रु.१५७९७।०१ दरले भुक्तानी हुनुपर्नेमा रु.१७३८९।५४ दरले भुक्तानी भएकोले प्रति घ.मी. रु.१५९२।५३ दरले रु.१००८१।० बढी भुक्तानी गरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.<br><table><tr><th>भौ.नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी परिमाण</th><th>रकम</th></tr><tr><td>१७-१२।१५</td><td>केदार आ.वि. घेराबार निर्माण</td><td>२.१ घन मि.</td><td>३३४४.०</td></tr><tr><td>४५-१।९</td><td>जनचेतना आ.वि. नङरौ घेरावार निर्माण</td><td>२.०७ घ.मी.</td><td>३२९७.०</td></tr><tr><td>७२-३।२</td><td>शारदा आ.वि. घेरावार निर्माण</td><td>२.१६ घ.मी.</td><td>३४४०.०</td></tr><tr><td colspan="3">जम्मा</td><td>१००८१.०</td></tr></table></td><td>१०,०८१</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>उपभोक्ता समितिको काम निर्माण व्यवसायीलाई<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति</td><td></td></tr>
</table>

मार्फत सम्पादित सडक निर्माण कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीमा उल्लेख भएको व्यवस्था पालना गरी खर्च गर्नुपर्दछ ।

| **क.सं.** | **उपभोक्ता समितिको नाम** | **उपभोक्ता समिति सँग भएको सम्झौता अंक श्रमदान बाहेक** | **संलग्न निर्माण व्यवसायीको नाम** | **निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत** |
|---|---|---|---|---|
| १ | कोटाखल जमडा बाटो निर्माण | ९४८६२.० | गंगेश्वर निर्माण सेवा | ९४८६२.० |
| २ | बाकोट लेक सरसफाइ र पहिरो व्यवस्थापन | १९००००.० | गंगेश्वर बेताल निर्माण सेवा प्रा.ली. | १९००००.० |
| ३ | पेल्या ढगौन सडक | ९५००००.० | ओजस्वी कन्ष्ट्रक्सन कम्पनी प्रा.ली. | १०७३५००.० |
| ४ | खलिगाड सेरा झुर्काली सडक | ४७५०००.० | गंगेश्वर निर्माण सेवा | ४७५०००.० |
| | जम्मा | १७०९८६२.० | जम्मा | १८३३३६२.० |

३१

**वडा सचिवमार्फत भुक्तानी**

सावर्जनिक खरिद नियमावली,२०६४ को नियम १२३(८) अनुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेकको माध्यमाबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेका कार्यक्रमको भुक्तनी वडा सचिव मार्फत गर्ने गरेको देखियो । यसरी उपभोक्ता समिति मार्फत कार्य गराएको रकम सम्बन्धित उपभोक्ता समितिको खातामा निकासा नगरी वडा सचिवको खातामा रकम जम्मा गरि भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । वडा सचिवबाट भुक्तानी दिएका केही उदाहरणः

| भौ.नं. | कार्यक्रम | भुक्तानी लिने | भुक्तानी रकम |
|---|---|---|---|
| ६० | नाईमरया पिसिसि बाटो वडा नं. ७ | राज वहादुर चन्द | ९०६०२.० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९०</td><td>धनघाट सिचाइ पोखरी निर्माण</td><td>सुरेन्द्र दत्त भट्ट</td><td>४७२५०.०</td></tr>
<tr><td>८७</td><td>गोलाखेत सिँचाइ कुलो निर्माण</td><td>सुरेन्द्र दत्त भट्ट</td><td>६४४७०.०</td></tr>
<tr><td>९१</td><td>कोताखल जर्मडा बाटो निर्माण</td><td>भान बहादुर चन्द</td><td>९४८६२.०</td></tr>
<tr><td>११९</td><td>स्याडी कपर्त सिचाइ कुलो</td><td>भान बहादुर चन्द</td><td>९५०००.०</td></tr>
<tr><td>१२९</td><td>भटडाँडा देखि राउतथला बाटो निर्माण</td><td>सुरेन्द्र दत्त भट्ट</td><td>९४१८०.०</td></tr>
<tr><td>१२५</td><td>गोल्थाला नुन्थली पिसिसि बाट</td><td>भान वहादुर चन्द</td><td>९५०००.०</td></tr>
<tr><td>१२८</td><td>बेतला मन्दिर सिडी निर्माण</td><td>लोकराज जोशि</td><td>९५०००.०</td></tr>
<tr><td>१४७</td><td>मेलभट भल नियन्त्रण</td><td>चिन्तामणी भट्ट</td><td>९५०००.०</td></tr>
<tr><td>१७४</td><td>अधुरा खानेपानी मुल मर्मत सिल</td><td>अनिता चन्द</td><td>९१८१५.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८६३१७९.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्च<br>सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था अनुसार यस आर्थिक बर्षमा कन्टिन्जेन्सी खर्च गरे पनि के कति खर्च गरेको छ स्पष्ट खुल्ने गरी एकमुष्ट अभिलेख र योजनागतसहित खर्च देखिने गरी अभिलेख राखेको छैन । कन्टिन्जेन्सी खर्च गर्दा वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । खर्च गर्दा निर्माणसँग सम्बन्धित प्रत्यक्ष कार्यमामात्र खर्च गर्नुपर्नेमा दैनिक भ्रमण भत्ता, इन्धन खर्च, मर्मत, स्टेशनरी, सूचना प्रकाशन तथा बिबिध खर्चसमेत सार्बजनिक निर्माणबाट लेखेको देखिएकोले खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिएन । यसका अतिरिक्त सुपरभाइजरको छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण आदि स्पष्ट मापदण्ड तथा आधार निर्धारण भएको देखिदैन ।कन्टिन्जेन्सी खर्च गर्दा स्पष्ट आधार तथा मापदण्ड बेगर गर्नु मनासिब देखिदैन । कन्टिन्जेन्सी खर्चको अभिलेख तथा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ३४ | | | **कार्यसम्मपन्न प्रतिवेदन स्वीकृती**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार कुनै पनि खरिद कार्यको प्राविधिक मुल्याँकन तथा कार्यसम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गर्न लगाई कार्यालय प्रमुखबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त व्यवस्था विपरित कार्यालय प्रमुखले प्राविधिक कार्यको जिम्मेवारी अख्तियार तथा कार्यविवरण उपलब्ध गराउँदा प्राविधिक कर्मचारीलाई नै जिम्मेवारी दिएको उल्लेख गरी प्राविधिक मुल्याँकन र कार्यसम्पन्न प्रतिवेदन इन्जिनियरबाट स्वीकृत गराउने गरेको छ । नियमावलीमा भएको व्यवस्था अनुसार कार्यालय प्रमुखबाट पनि कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गराउने व्यवस्था हुनुपर्दछ । | |
| ३५ | | | **औधोगिक ग्राम निर्माण**<br>मेलौली नगरपालिका र उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय बिच मिति २०७६।९।२८ मा भएको सम्झौता अनुसार उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयले रु.९२ लाख मिति २०७७।११।११ मा पालिकाको खातामा रकम जम्मा गरेको छ । सम्झौताको बुँदा नं. ३ अनुसार नगरपालिकाले आफ्नै स्रोतबाट १५ दिन भित्र DPR अध्ययन कार्य प्रारम्भ गरी ३ महिना भित्र सोको स्वीकृत प्रतिवेदनको एक प्रति मन्त्रालयलयमा पेश गर्ने उल्लेख छ । तर पालिकाले लेखापरीक्षण अवधिसम्म पनि डिपीआर को कार्य अगाडी बढाएको देखिएन । साथै पालिकाले कुन क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्ने भन्ने विषयमा पनि यकिन भएको पाइएन । यसरी सम्झौता अनुसारको कार्य पालिकाले अघि नवढाएको तथा मन्त्रालयबाट विनियोजन गरी निकासा भएको रकम पालिकाको खातामा रहिरहदा कुनै उल्लेख्य प्रगति हुने देखिदैन । अतः मन्त्रालयबाट निकासा भएको रकम संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | ९,२००,००० |
| ३६ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रवद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ३७ | | | **नापी किताब**<br>महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६।४।९ मा परिपत्र गरेकोमध्ये नापी किताब म. ले. प. फा. नं. ५०३ र ठेक्कागत अभिलेख खाता म. ले. प. फा. नं. ५०६ पनि हुन्। नापी किताबमा ठेक्का नं, आर्थिक बर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मिति लगायतका व्यहोरा उल्लेख गर्ने र नापी लिई सकेपछि नापी लिने, जाँच गर्ने र स्वीकृत गर्ने कर्मचारीको नाम, पद र मिति लेखेर | |

<table>
<tr><td></td><td></td><td></td><td>हस्ताक्षर गर्नुपर्ने व्यबस्था छ । ठेक्कागत अभिलेख खातामा ठेक्काको लागत अनुमान, सम्झौता रकम र भुक्तानीको अबस्था, जमानतको अबस्था लगायतका व्यहोरा प्रत्येक ठेक्कागतरुपमा छुट्टाछुट्टै जानकारी लिन सकिने गरी राख्नु पर्ने व्यबस्था छ। नापी किताब कम्प्यूटरबाट तयार गरिएमा प्रिन्ट गरी बाइन्डिङ्ग गरी नापी नियन्त्रण खाता म. ले. प. फा. नं ५१२ मा चढाउनु पर्ने थप व्यबस्था समेत रहेको छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस बर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुँदा नं ३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा नापी किताब परीक्षण गर्दा नापी लिई सकेपछि सबै नापी किताबमा नापी लिने, जाँच गर्ने, स्वीकृत गर्ने, कर्मचारीको नाम, पद र मिति लगायत सबै व्यहोरा स्पष्ट बुझिने गरी हस्ताक्षर नगरेको, कम्प्यूटरबाट प्रिन्ट गरी तयार गरेको लुजसिट लाई नै (आइ.पी.सी.) नापी किताब मानी भुक्तानी दिने गोश्वारा भौचरमामात्र राखेकोले बिगत बर्ष देखि चालू र यसै आ. ब. मा संचालित योजनाको परीक्षण गरीएको गोश्वारा भौचरभन्दा अगाडि के कति भुक्तानी भएको थियो भिडान गर्न कठिनाई रहेको छ । नापी किताबकोरुपमा तयार गरेको भुक्तानीका गोश्वारा भौचरसाथ रहेका लुज सिट (आइ.पी.सी) नापीलाई बाइन्डिङ्ग नगरेको र नापी नियन्त्रण खाता म. ले. प. फा. नं. ५१२ मा नचढाएको तथा ठेक्कागत अभिलेख खाता म. ले. प. फा. नं. ५०६ नराखेकोले सम्पन्न योजनाको कन्टिन्जेन्सी सहित कुल खर्च कति भयो यकिन हुने अबस्था नहुनुका साथै एकै नापी कार्यको दोहोरो भुक्तानी भए पनि सहजरुपमा जानकारी पाउने अबस्था छैन । यस्तो प्रकृयामा तत्काल सुधार गरी निर्माण कार्यको अभिलेख व्यबस्थालाई सुढृड बनाई सम्पन्न निर्माण कार्यको २० वर्षसम्म आवश्यक सूचना लिन सकिने सहज अवस्था तयार पार्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>डीपीआर खर्च<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br>
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>भवन निर्माण</td><td>पब्लिक इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड सोलुसन</td><td>५०००००.०</td><td>२५८६५७.०</td><td>१२५०००००.०</td></tr>
</table>
डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>खरिदमा न्यून प्रतिस्पर्धा<br>सार्वजनिक खरिद ऐन २०६३ को दफ २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कारवाही नहुने तथा दफा ८ र ९ मा सार्वजनिक निकायले सम्भव भए सम्म खुल्ला बोलपत्र आह्वान गर्नु पर्ने, प्रतिस्पर्धा सीमित हुने गरी कुनै काम गर्न नहुने तथा ऐनको दफा ६२ (२च) मा बोलपत्रदाताहरुले खरिद सम्बन्धी काम बाँडफाड गर्ने वा अन्य कुनै पनि तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | लाभबाट बन्चित गर्ने उद्देश्यले बोलपत्र पेश गर्नु अघि वा पछी मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन नहुने व्यवस्था छ । कार्यालयबाट भएको निम्नानुसार ठेक्का व्यवस्थापनमा २०७७।१२।२६ मा प्रथम पटक **कर्पत दुर्गास्थान स्याडी रोड** र **एचिकाँडा ढडौन रोडको मर्मतको** ठेक्का क्रमश रु १६,५६,८१४।९९ र १३,६९,८१९।४ लागि विद्युतीय माध्यमबाट सिलबन्दी आह्वान गरी सिलबन्दी बोलपत्रको मुचुल्काका लागि खरिद समितिको बैठकले दुई वटा मात्र आवेदन परेकाले पर्याप्त आवेदन नपरेको कारण सो खरिद प्रक्रिया खारेज गरि पुन सिलबन्दि बोलपत्रका लागि मिति २०७९।१।१२ मा सुचना प्रकाशन गरि विद्युतीय माध्यमबाट नगरी सिलबन्दि दरभाउपत्र माग गरेको छ । पुन सिलबन्दि बोलपत्रको मिति २०७८।२।५ मुल्यांकन समितिको बैठकले सारभूत रुपमा उचित ठहरिएको प्रमोद कन्स्ट्रक्सन लाई उक्त दुवै कार्यको ठेक्का स्विकृत भएको छ । विद्युतीय माध्यबाट आह्वान गरेको कार्य पुन विद्युतीय माध्यमबाट नगरेपनि हुने गरी सिलबन्दी दरभाउपत्र आह्वान गर्नु ऐनको व्यवस्था बमोजिम स्वच्छ प्रतिस्पर्धा भएको छ भन्ने अवस्था देखिदैन । ऐनको व्यवस्था बमोजिम खरिद कारवाहीलाई अधिकतम खुल्ला र प्रतिस्पर्धात्मक बनाउनु पर्दछ। | |
| ४० | | | **उपभोक्ता समिति मार्फत खरिद** | |
| ४०.१ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४०.२ | | | **लागत सहभागिता '** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४०.३ | | | **खर्च सार्वजनिकीकरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आपूmले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण | |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिमार्फत निर्माण गरेका सबै योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पुर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरी टाँस गरेको देखिने प्रमाण पेश गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार सबै प्रकृया पुरा गरी उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ । | |
| ४०.४ | | | **हस्तान्तरण नगरेको -** सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ४०.५ | | | **रोयल्टी भुक्तानीको प्रमाण -** उपभोक्ता समितिहरुले बिभिन्न कार्य गर्दा बालुवा लगायत नदीजन्य पदार्थ प्रयोग गरेको देखाए पनि सबै उपभोक्ताले त्यस्ता पदार्थ प्रयोग गर्दा यस पालिका बाहेक अन्य पालिकाले ठेक्कापट्टा गरेका निर्माण व्यबसायीलाई रोयल्टी भुक्तानी गरेको प्रमाण लिने गरेको देखिएन ।यस्तो अबस्थामा समितिमार्फत प्रयोग गरेको देखाएको प्राकृतिक पदार्थ कानुनी रुपमा प्रकृया पुरा गरी संकलन गरी प्रयोग नगरेको हुने सम्भाबना समेत रहने हुँदा प्राकृतिक पदार्थ प्रयोग गर्दा रोयल्टी भुक्तानी गरेको प्रमाण समेत लिने व्यबस्था हुनुपर्दछ । | |
| ४०.६ | | | **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ । | |
| ४१ | | | **विपन्न लक्षित छात्रवृत्ती**<br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ को उपदफा २ (ङ) मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा निति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सम्भव भएसम्म स्थानीय तहको भूमिका रहने गरी बनाउनुपर्ने उल्लेख छ ।संविधान अनुसार माध्यामिक विद्यालयको संचालन र व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने हुनाले केन्द्रले सामुदायिक विद्यालयहरुलाई अनुदान उपलब्ध गराउँदा सकभर स्थानिय निकाय मार्फत कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ । कक्षा ९ देखि १२ मा अध्ययनरत विपन्न विद्यार्थिहरुलाई यस आ व मा रु २११२०००।- शिक्षा तथा मानव स्रोत विकास केन्द्रले IEMIS मा प्रविष्टि भएका विद्यार्थिहरुको नामावली पठाएको र सोही नामावलीमा समावेश भएका विद्यार्थिहरुको खाता नम्बरमा सम्बन्धित स्थानीय तहले रकम जम्मा गरेको देखिन्छ ।यस सम्बन्धमा स्थानीय तहलाई कुनै जानकारी नहुने सिधै विद्यालयबाट नै विद्यार्थिहरुको विवरण माग गरि शिक्षा तथा मावन विकास स्रोतले नै विद्यार्थि छनौट गरी विद्यार्थिको खाता नम्बर सहितको विवरण पठाउने र | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धित स्थानीय तहले विद्यार्थिको खातामा रकम जम्मा गर्ने गरेको देखियो । स्थानीय तहबाट नभई सोझै अनुदान उपलब्ध गराउँदा वास्तविक लाभग्राहिले नपाउने जोखिम रहन्छ । यसमा सुधार हुनुपर्छ । | |
| ४२ | | | **करार कर्मचारी सुविधा**<br>नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/१/२१ को निर्णयानुसार दरवन्दि भित्रका करार कर्मचारीहरुलाई दिने सुविधा सम्बन्धि मिति २०७४/१/२५ को समान्य प्रशासन मन्त्रालयको पत्राचारमा करार कर्मचारीहरुको सुविधामा स्थानिय भत्ता र महङ्गि भत्ता नभएकोले करार कर्मचारीहरुलाई महङ्गि भत्ता र स्थानिय भत्ता उपलब्ध गराउन नमिल्ने देखिन्छ ।यस नगरपालिकाले डा. सुनिल सिंह पूजारालाई करार सम्झौता मार्फत नियुक्ति गरि मासिक पारिश्रमिकमा स्थानीय भत्ता रु ५,२५०, महङ्गि भत्ता रु, २००० र जोखिम भत्ता बापत रु १०,५५९ गरि मासिक रु १७,८०९ का दरले श्रावण, भाद्र र असोज गरि तीन महिनाको कुल रु ५३,४२७ सुविधा भुक्तानि गरेको छ । मन्त्रिपरिषदको निर्णय विपरित भुक्तानि भएको भत्ता मनासिव देखिएन रु | ५३,४२७ |
| ४३ | ३३२ | २०७९-३-२४ | **मोबाइल खरिद**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । यस पालिकामा शसर्त कार्यक्रम तर्फ स्थानीय तहका स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुको तलब भत्ता लगायत प्रशासनिक खर्च शिर्षकबाट २०७९।३।२० मा **Samsung Mobile A32 6il 28** रु ३२,०००।० को एक वटा र **Redmi 20000 mah power bank** १५ वटा प्रति गोटा रु ३,४५० का दरले रु ५१,७५०।० समेत रु.८३७५० को मोबाइल र पावरवैङ्क खरिद गरेको पाइयो । उक्त मोबाइल र पावरबैंक कार्यालयमा दाखिला गरेको भए पनि उक्त सामाग्रि हाल को सँग कुन अवस्थामा छ भन्ने कुराको अभिलेख लेखापरीक्षणको क्रममा प्राप्त भएन । कार्यालयले खरिद गरेको उक्त समाग्रिको वर्तमान अवस्था खुल्ने प्रमाण पेश गर्नुपर्ने रु | ८३,७५० |
| ४४ | | | **कोभिड राहत**<br>कोभिड १९ महामारी प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ अनुसार कोभिडका कारण आय गुमाएका अति विपन्न परिवारलाई प्रति परिवार रु १०,०००।० का दरले नगद वितरण गर्ने गरि यस पालिकालाई रु ४८,४०,०००।० शसर्त तर्फ रकम प्राप्त भएको छ। उक्त रकम खर्च गर्दा कोभिडका कारण रोजगारी गुमाउन पुगेका असंगठित क्षेत्रका मजदुरहरु, फुटपातमा व्यापार गर्ने साना व्यवसायिहरु, कोभिडक कारण परिवारका निमित्त कमाई गर्ने घरमुलिको मृत्यु भएका परिवार लगायत कोभिड १९ का कारण प्रत्यक्ष असर परेका परिवारलाई उपलब्ध गराउनुपर्ने र उक्त रकम बुझ्ने परिवारको कुनै पनि सदस्य स्वादेशि वा विदेशि स्थाई नोकरिमा संलग्न नभएको हुनुपर्ने, पेन्सन प्राप्त गर्ने व्यक्तिको परिवार र कुनै प्रकारको सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको परिरवारलाई वितरण गर्न नहुने उल्लेख छ । पालिकाले उक्त रकम वितरण गर्दा वडा स्तरबाट सिफारिस भएका नामका आधारमा प्रति परिवार रु १००००।० का दरले ४८४ परिवारलाई उक्त रकम वितरण गरेको छ । नगरपालिकाले गरिब घर परिवारको लगत संकलन नगरेको, नगरपालिकाले गरिव पहिचानको लागि कुनै मापदण्ड तयार गरेको नदेखिनाले, वितरण भएको रकम वास्तविक लाभग्राहिले प्राप्त गरेको प्रति आश्वस्थ हुन सकिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ४५ | | | **प्रहरी जोखिम भत्ता** | ४५,००० |

<table>
<tr><td></td><td></td><td></td><td>संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरीएको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । यस पालिकाले कोभिड १९ महामारी व्यवस्थापन केस बेसको आधारमा जोखिम भत्ता लगायतका कर्मचारी व्यवस्थापन र सो सँग सम्बन्धीत औषधी एवं औषधी जन्य समाग्री व्यवस्थापन शिर्षक बाट प्रहरी चौकी रोडिदेवलका ४ जना र प्रहरी चौकी सलेनाका ५ जना प्रहरी कर्मचारीहरुलाई कोभिड १९ महामारीका बेलामा विभिन्न क्वारेन्टाइनमा र आइसोलेसन सेन्टरमा सुरक्षा प्रदान गरेकाले जोखिभ भत्ता वितरण गरेको पाइयो । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उक्त शिर्षकबाट कोभिड १९ परिक्षणमा संलग्न ल्याब टेक्निसियन र ल्याबमा काम गर्ने सहायक कर्मचारीहरुलाई मात्र दिन मिल्ने देखिन्छ । कार्यक्रमले तोकेभन्दा बाहेकका अन्य कार्यालयका कर्मचारीहरुलाई दिएको रकम नियमसम्मत नभएको रु</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>अतिरिक्त समय भत्ता<br>प्राथमिक स्वास्थ्य केन्द्र केशरपुर मा कार्यरत कर्मचारीहरुले अतिरिक्त समय, नाइट ड्युटी तथा सट्टा बिदाको रकम बापत आ.ब २०७८/७९ मा ६ जना कर्मचारीहरुलाई रु ७,७२,२६२।- भुक्तानी गरेको छ । कार्यालयले अतिरिक्त समय कार्य गरे बापत प्रमाणित ड्युटि सेड्युल बमोजिम अतिरिक्त कार्य समय हिसाब गरी रकम भुक्तानी गर्नुपर्नेमा, सो बमोजिम रकम भुक्तानी भएको प्रमाण लेखापरीक्षणको समयमा पेश भएन । साथै सट्टा बिदा र नाइट ड्यूटीको प्रमाणित विवरण समेत संलग्न श्रेस्तामा छैन । कार्यालयमा विद्युतिय हाजिरी जडान भएतापनि, सोको प्रयोग र सो बमोजिम अतिरिक्त समय,नाइट ड्यूटी एबम् सट्टा बिदाको रकम भुक्तानी भएको छैन । तसर्थ कर्मचारी तथा स्वास्थ्यकर्मीले अतिरिक्त समय भत्ता वास्तविकताको आधारमा भन्दा सुविधाको रुपमा प्रयोग गर्ने जोखिम कायमै भएकोले हाजिर व्यवस्थापनमा अस्पतालको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>अनुगमन<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८।७९ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ६लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले देहायबमोजिमका विद्यालयलाई अनुदान दिंदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामाग्री खरीद गर्ने लगायतका विषयहरु उल्लेख नभएकोले तोकीएको कार्यक्रममा खर्च भए नभएको सम्बन्धमा फोटो सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>अनुदान कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>श्री धर्मघर मा.वि.</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>2.</td><td>श्री दुर्गा मा.वि.</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>3.</td><td>श्री विशालपुर मा.वि.</td><td>पुस्तकालय व्यवस्थापन</td><td>६५००००</td></tr>
</table></td><td>४,५५०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>4.</td><td>श्री शारदा आ.वि</td><td>पुस्तकालय व्यवस्थापन</td><td>६५००००</td></tr>
<tr><td>5.</td><td>श्री सुदर्शन मा.वि.</td><td>पुस्तकालय व्यवस्थापन</td><td>६५००००</td></tr>
<tr><td>6.</td><td>श्री भरतपुर मा.वि.</td><td>ICTC ल्याब व्यवस्थापन</td><td>६५००००</td></tr>
<tr><td>7.</td><td>केदारेश्वर मा.वि.</td><td>ICTC ल्याब व्यवस्थापन</td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४५५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>शिक्षक तलब<br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ ।नगरपालिकाले शिक्षकहरुको तलब भत्ता भुक्तानि गर्दा शिक्षक किताबखानाबाट प्रमाणित तलबि प्रतिवेदनका आधारमा तलब भत्ता भुक्तानि गर्नुपर्नेहुन्छ । यस पालिका अन्तर्गतको मणिलेक मा विका शिक्षक श्री अञ्जली कार्किले अन्तिम चौमासिक अघिनै राजिनामा स्विकृत गराएको भए पनि पुरै चौमासिकको रकम रु २५६९००।० बढि भुक्तानि लगेको देखिएकाले सम्बन्धितबाट असुल हुनुपर्ने रु</td><td>२५६,९००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>दिवा खाजा<br>आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७८।०६।३१ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहद र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचिको दिवा खजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विवद्यालयमा दिवा खजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ । नगरपालिकाबाट शसर्त अनुदानबाट कुल ४६ विद्यालयका लागि दिवा खाजा बापत रु ८३,६२,८०८।० चौमासिक रुपमा विद्यालयको खातामा विद्यार्थि हाजिरिका आधारमा रकम निकासा गर्ने गरेको पाइयो । यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा कुनै निकायबाट अनुगमन हुने गरेको देखिदैन, जसबाट राज्यले विद्यार्थीहरुको स्वास्थ्य सुधारका लागि गरेको लगानी जोखिममा रहेको देखिन्छ । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td>२०५</td><td>२०७९-३-८</td><td>Learning By Earning<br>पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ को उपदफा २ मा स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका विद्यालय सँग सम्झौता गरी अनुदान रकम निकासा गर्ने व्यवस्था छ । त्यसै गरि दफा २१(ण) मा स्थानीय तहले कार्यक्रम कार्यान्वयनको अनुगमन गरि मुल्यांकन गर्ने र सोको प्रतिवेदन गर्नुपर्ने उल्लेख छ ।यस स्थानीय तहको मणिलेक मा.वि.लाई पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत कृषि</td><td>५००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यक्रमका लागि छनौट गरि रु.५००००० ।० भुक्तानी गरेको भएता पनि उक्त विद्यालयसँग भएको सम्झौता र अनुगमन प्रतिवेदन पेश भएको छैन । कार्यविधिका उल्लेख भए अनुसारको प्रमाण पेश गर्नुपर्ने रु | |
| ५१ | | | **पुस्तकालय व्यवस्थापन**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८।७९ को सि.नं. ९.५ अनुसार माध्यमिक विद्यालयमा पुस्तकालय तथा व्यवस्थापन खर्चको लागि छनौट भएका माध्यमिक विद्यालयलाई प्रतिविद्यालय रु.६५००००।— दरले अनुदान उपलब्ध गराउने तथा माध्यमिक तहले यस प्रकारको अनुदान एक पटक प्राप्त गरी सकेको भए मात्र आधारभुत तहलाई उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले सबै माध्यमिक विद्यालयले यस प्रकारको अनुदान प्राप्त गरेको यकिन नगरी शारदा आधारभूत विद्यालयलाई पुस्तकालय व्यवस्थापन अनुदान बापत रु. ६५००००।—अनुदान दिएको छ । यसरी निर्देशिका बमोजिम भए नभएको यकिन गर्न नसकिएकोले उक्त खर्चको प्रमाण कागजात पेश हुनुपर्ने रु | ६५०,००० |
| ५२ | | | **सेनेटरी प्याड**<br>सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम यस पालिकाले सामुदायिक विद्यालयका विद्यार्थिहरुलाई वितरण गर्नका लागि गोदावरी मेडिसिन सप्लायर्स सँग २०७९।३।२३ मा १००८० प्याकेट स्यनिटरी प्याड प्रति प्याकेट रु ९८।९९ का दरले रु ९,९७,९१२।९४ खरिद गरेको छ । वार्षिक रुपमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको अन्तिम महिनामा खरीद गरिएको तथा उक्त सामाग्री लेखापरीक्षण समयसम्म पनि कार्यालयमा मौज्दात रहेकोले विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिती देखियो । यस्ता सामाग्री शैक्षिक सत्र सुरु हुँदाको समयमानै उपलब्ध गराउने गरी वितरण गर्न पालिकाको ध्यान जानुपर्दछ । स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिए बमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । त्यस्तै एकै प्रयोजनका लागि बिभिन्न पालिकाले खरिद गरेको स्यानीटरी प्याडको मुल्यमा स्पष्ट कारण बेगर मुल्यमा ठुलो अन्तर कदेखिएको तथा निर्देशिका बमोजिम तोकेको प्रकृया पुरा भएको नदेखिनु मनासिब देखिएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ। स्यानीटरी प्याडको गुणस्तर परीक्षण समेत पेश हुनुपर्दछ। | |
| ५३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य | |

विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१३ जनालाई रोजगारी उपलब्ध गराई रु.६६,३९,५५३।- खर्च गरेको छ । लक्षित वर्गलाई १९ दिनदेखि ८९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| **वडा नं** | **कार्यक्रम/योजना संचालन** | **विनियोजित बजेट** | **जम्मा खर्च रु** | **ज्यालामा भएको खर्च** | **रोजगार संख्या** | **औषत रोजगारी दिन** |
|---|---|---|---|---|---|---|
| ३ | ढणौन टोलका बाटाहरु मर्मत | 807800 | 699730 | 699730 | 14 | 83.301 |
| ३ | बकरमण डौडा कुलो तथा बाटाहरु मर्मत | 634700 | 558221.9 | 558221.9 | 11 | 84.579 |
| ३ | स्यालतडी कुजागाड सडक तथा बाटो मर्मत | 594100 | 498975.67 | 498975.67 | 13 | 63.971 |
| ७ | वडा भित्रका सडक तथा बाटो निर्माण | 403900 | 359907.35 | 359907.35 | 14 | 42.846 |
| ६ | वडास्तरिय बाटो तथा पाईपलाईन निर्माण | 2250297 | 1842375.6 | 1842375.6 | 81 | 37.909 |
| ४ | आटिखोलादेखी ल्वारीगाँउ सम्म सडक निर्माण | 1096300 | 1019196.9 | 1019196.9 | 19 | 89.403 |
| ८ | सिल्डडा खोला देखी मल्लागाँउ काफल सम्म बाटो निर्माण | 1442500 | 1236265.8 | 1236265.8 | 25 | 82.417 |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>मेल्घट कोल्तडी सिचाई कुलो र शिवमन्दिर केदारमाण्डौ पदमार्ग निर्माण</td><td>661600</td><td>424879.78</td><td>424879.78</td><td>36</td><td>19.67</td></tr>
<tr><td></td><td>जम्मा</td><td>7891197</td><td>6639553</td><td>6639553</td><td>213</td><td>63.02</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>
मु अ कर कट्टि<br>
आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।१२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर नगरपालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.३४४४१।२४ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। मु अ कर भुक्तानी रकमको कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>३० प्रतिशत रकम</th></tr>
<tr><td>२६४/२०७९/३/२५</td><td>गोदावरी मेडसिन सप्लायर्स</td><td>९९७९९२।९४</td><td>११४८०४।१४</td><td>३४४४१.२४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११४८०४।९४</td><td></td></tr>
</table>
</td><td>११४,८०४.१४</td></tr>
<tr><td>५५</td><td>२९५</td><td>२०७९-३-२४</td><td>
मतपेटिका ढुवानी<br>
संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । यस पालिकाले स्थानीय निर्वाचनको मतदान पश्चात मत पेटिका ढुवानीका लागि रु १७०००।- खर्च गरेकोले उक्त खर्च यस पालिकाबाट भुक्तानि गर्न मिल्ने नदेखिएकोले नियमित देखिएन रु
</td><td>१७,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
राष्ट्रपति शैक्षिक सुधार<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने, नियम ३९.(१०) बमोजिम खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८।७९ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने
</td><td>१३,५५०,०००</td></tr>
</table>

उल्लेख छ । नगरपालिकाले देहायबमोजिमका विद्यालयलाई अनुदान दिँदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामाग्री खरीद गर्ने लगायतका व्यहोरा खुलाउनु पर्ने व्यवस्था छ । आइ टी ल्याब र बिद्यालय पूर्बाधारको निर्माण अनुदान कार्यका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट निम्न बिद्यालयका लागि निकासा दिएकोमा उक्त काम सम्पन्न गरेको प्रमाण कागजात लेखापरीक्षण समयसम्म पेश गरेको देखिएन भने उक्त रकम निकासा दिँदा पेश्की जनाएको समेत पाइएन । आर्थिक बर्ष २०७८।७९ मा नै सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न नगरी पेश्की समेत नजनाई सोझै भुक्तानी खर्च लेख्ने कार्य मनासिब देखिएन । बिल बिजक बेगर पेश्की नजनाई निकासा दिएको रकमको तोकिएको उदेश्य अनुसार काम गरेको देखिने सबै सक्कल प्रमाण कागजात तथा कार्यसम्पन्न प्रतिवेदन समेत पेश हुनुपर्दछ रु.

| क सं | बिद्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| | संघ सशर्त पुँजीगतबाट | | |
| १ | श्री धर्मघर मा बि | ४ कोठे व्लक | ३६,००,०००। |
| २ | श्री भरतपुर मा बि | २ कोठे व्लक | १८,००,०००। |
| ३ | श्री कमलपुर मा बि | आइ सी टी ल्याब तथा डीजीटल लाइबेरी | ६,५०,०००। |
| ४ | श्री शिब आ बि | आइ सी टी ल्याब तथा डीजीटल लाइबेरी | ६,५०,०००। |
| ५ | श्री कोटेश्वर आ बि | आइ सी टी ल्याब तथा डीजीटल लाइबेरी | ६,५०,०००। |
| ६ | श्री जगदम्बा मा बि | आइ सी टी ल्याब तथा डीजीटल लाइबेरी | ६,५०,०००। |
| ७ | श्री मणीलेक मा बि | ल्याब व्यबस्थापन | १०,००,०००। |
| | संघ सशर्त चालू | | |
| ८ | श्री धर्मघर मा.वि. | विज्ञान प्रयोगशाला | ६,५०,०००। |
| ९ | श्री दुर्गा मा.वि. | विज्ञान प्रयोगशाला | ६,५०,०००। |
| १० | श्री विशालपुर मा.वि. | पुस्तकालय व्यवस्थापन | ६,५०,०००। |
| ११ | श्री शारदा आ.वि | पुस्तकालय व्यवस्थापन | ६,५०,०००। |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>१२</td><td>श्री सुदर्शन मा.वि.</td><td>पुस्तकालय व्यवस्थापन</td><td>६,५०,०००।</td></tr><tr><td>१३</td><td>श्री भरतपुर मा.वि.</td><td>ICTC ल्याब व्यवस्थापन</td><td>६,५०,०००।</td></tr><tr><td>१४</td><td>श्री केदारेश्वर मा.वि.</td><td>ICTC ल्याब व्यवस्थापन</td><td>६,५०,०००।</td></tr><tr><td></td><td colspan="2">जम्मा</td><td>१,३५,५०,०००।</td></tr></table> | |
| ५७ | | | **कोभिड खर्च**<br>यस स्थानिय तहमा यस आ.ब मा कोभिड तर्फ निम्न बमोजिम कार्य भएको देखिन्छ ।<br><table><tr><td>**आम्दानी स्रोत**</td><td>**रकम रु.**</td><td>**खर्च शिर्षक**</td><td>**रकम रु.**</td></tr><tr><td>गत बर्षको बाँकी</td><td>5,63,512.91</td><td>राहत वितरण</td><td></td></tr><tr><td>स्थानीय तहको आफ्नै बजेटवाट</td><td></td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td></td></tr><tr><td>संघीय कोभिड कोषवाट</td><td></td><td>औषधी एवं स्वास्थ्यउपकरण खरिद</td><td></td></tr><tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td></td></tr><tr><td>अन्य स्रोतबाट</td><td></td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr><tr><td></td><td></td><td>जोखिम भत्ता</td><td></td></tr><tr><td></td><td></td><td>अन्य खर्च</td><td>3,60,459.00</td></tr><tr><td></td><td></td><td>बाँकी</td><td>2,03,053.91</td></tr><tr><td>**जम्मा**</td><td>5,63,512.91</td><td>**जम्मा**</td><td>5,63,512.91</td></tr></table> | |
| ५८ | | | **समानिकरणबाट शिक्षकको तलब भत्ता**<br>अतर सरकारी वित्तीय यवथापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरबदी भित्रका शिक्षकझ तलब भत्ता बापत सशर्तअनुदान उपलध गराउने व्यवथा छ। साविकको जिला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी संचालनमा रहका र कुनै पनि दरबन्दी तथा राहात अनुदान | १४,२९२,९३३.१ |

<table>
<tr><td></td><td></td><td></td><td>कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ को लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्विकृत दरबन्दि बाहिर विभिन्न विद्यालयहरुमा शिक्षक र कर्मचारी नियुक्त गरी वित्तिय समानिकरण अनुदानबाट रु १४२९२९३३।१० तलब भत्ता भुक्तानि गरेको पाइयो । यस्तो भुक्तानि अनियमित भएको रु</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>नमुना विद्यालय अनुदान<br>आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७८।०६।३१ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुदा न ९.१२ मा नमुना विद्यालय सुधार गुरुयोजना अन्तर्गत अनुसुचि ११ मा उल्लिखित विद्यालयहरुको लागि सम्बन्धित स्थानीय तहमा रू ५० लाख पठाइएको र सो रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउदा हालसम्मको कार्य प्रगति तथा सम्पादन हुने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई उपलब्ध गराउने व्यवस्था छ ।अनुदान उपलब्ध गराउदा बिद्यालय र स्थानीय तहबीच सम्झौता गरी उक्त सम्पूर्ण अनुदान रकम सम्बन्धित विद्यालयको खातामा निकासा गरी लेखापरीक्षण समेत विद्यालयबाटै हुने निर्देशन भएको छ । सोही अनुरुप उपर्युक्त कार्यक्रम पुस्तिकाको व्यवस्था अनुरुप कार्य प्रगतिको आधारमा निकासा नभई पुरै रकम रू. ५० लाख यस पालिका अन्तर्गतको मणिलेक माध्यामिक बिद्यालयलाई निकासा गरिएको छ । जसको प्रमाण कागजात लेखापरीक्षणको लागि पेश भएन । विद्यालयको संस्थागत तथा जनशक्ति व्यवस्थापनको आधारमा ठूलो रकमको लेखापरीक्षण समेतको जिम्मा बिद्यालयलाई दिदा वित्तीय जोखिम बढ्न सक्ने देखिएकोले निर्दिष्ट कार्यमा विधिवत प्रक्रिया पुर्याई खर्च भए नभएको यकिन हुन नसकिएकोले उक्त कार्यमा भएका खर्चका प्रमाण कागजात पेश हुनुपर्ने रू ५००००००।०</td><td>५,०००,०००</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>कृर्षि औजार वितरण -<br>सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ३ (क) मा आवश्यकतको पहिचान गरी खरिद कार्वाही तयारी गर्नु पर्ने र सोही बमोजिम खरिद गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले कृर्षी औजार वितरण ५० प्रतिशत अनुदान कार्यक्रमबाट रु २०,००,००।को कृर्षी औजार नेपाल एग्रो फर्म बाट खरिद गरेकोमा लेखापरीक्षण अवधि सम्म देहायबमोजिमका १५ वटा औजार वितरणको भरपाई तथा हस्तान्तरण गरेको पाईएन ।यसरी आवश्यकताको पहिचान नगरी खरिद गर्ने कार्य मनासिव देखिएन ।वितरण नगरी मौज्दातमा रहेका औजारको वितरण भरपाई तथा हस्तान्तरण भएको प्रमाण पेशगर्नु पर्ने रु<br>
<table>
<tr><th>सि नं</th><th>औजारको नाम</th><th>संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आरी डबल ब्लेड</td><td>२</td><td>९२९.२०</td><td>१८५८.४०</td></tr>
<tr><td>२</td><td>नसरी ट्रे</td><td>५</td><td>५३०.९७</td><td>२६५४.८५</td></tr>
<tr><td>३</td><td>क्युलियर</td><td>१०</td><td>२००</td><td>२०००</td></tr>
</table></td><td>६०,१७०.८२</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४ | ट्याप | २० | २६५ | ५३०० |
| ५ | मल्चिंग प्लास्टिक | १ | ४४२४.७७ | ४४२४.७७ |
| ६ | हवईट प्लास्टिक | १० | ३१८.५८ | ३१८५.८ |
| ७ | सिकेचर फालकोन | २ | ९२९.२० | १८५८.४० |
| ८ | ग्राफ्टिंग नाईफ | ३ | १९४६.३० | ५८३८.९ |
| ९ | कोदालो | ३ | १०५० | ३१५० |
| १० | फडुवा | ४ | १०५० | ४२०० |
| ११ | स्पींकल | २ | ५२२ | १०४४ |
| १२ | सिलपोलिन प्लाष्टिक सानो | २ | ४८६७.२५ | ९७३४.५ |
| १३ | सिलपोलिन प्लाष्टिक ठुलो | २ | ५८४०.६० | ११६८१.२ |
| १४ | कुटो | ३ | १०८० | ३२४० |
| | जम्मा | | | ६०१७०।८२ |

६१

**फिर्ता हुन बाँकी जिन्सी सामान**

२०४,००६

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम अवकाश हुदा आफ्नो जिम्मामा रहेको जिन्सी मालसामान, कार्यालय प्रमुखले तोकेका कर्मचारीलाई वरवुझारथ गर्नुपर्ने व्यवस्था छ। पालिकाका निम्न पदाधिकारिको पदावधि मिति २०७९।०२।०५ मा सकिएकोमा मिति २०७९।०५।१२ लेखापरिक्षणको अवधिसम्म उक्त पदाधिकारीले प्रयोग गरेका निम्न जिन्सी सामान फिर्ता भएको देखिएन। अतः ति जिन्सी सामान सम्वन्धित पदाधिकारीवाट फिर्ता गर्नुपर्ने अन्यथा सोको प्रतिस्थापन मुल्य असुल गर्नु पर्ने रू

| सि.न. | सामानको नाम | पदाधिकारीको नाम | मालसामान वुझेको मिति | मुल्य |
|---|---|---|---|---|
| १ | ल्यापटप i5 7th generation (१ थान) | | २०७४।०१।११ | ६९,०२६ |

| | | | | |
|---|---|---|---|---|
| २ | सोलार सेट १ थान | नगर प्रमुख श्री कृष्ण सिंह नायक | २०७५।०५।०९ | २७८०० |
| ३ | LED टी.भी. १ थान | | २०७५।०५।०८ | १८००० |
| ४ | मोवाइल १ थान | | २०७५।१०।२३ | ३५५०० |
| ५ | डिस होम सेट १ थान | | २०७५।०५।०८ | २६८० |
| ६ | लाइट विम | | २०७७।०९।२७ | २५००० |
| ७ | रेफ्रिजेरेटर | | २०७८।०१।०९ | २६००० |
| **जम्मा** | | | | २,०४,००६। |

६२

**जिन्सी खर्च लेखाकंन**

जिन्सी मालसामान खर्च गर्दा माग फाराम भरि स्विकृती गराएर मात्र खर्च गर्नु पर्दछ। पालिकाले प्रिन्टर (Cannon २९००) २ थान, डेस्कटप (Dell 9th gen. Branded) १ थान, म १ व २७० नम्वरको मोटरसाइकल लगायतका जिन्सी सामान खर्च गर्दा माग फाराम स्विकृत वेगर सामान स्टोरवाट निकाशा गरी जिन्सी सामान खर्चको लेखाकंन गरेको छ। उक्त कार्यमा नियन्त्रण कायम गरि माग फाराम स्विकृती गरेर मात्र खर्च गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

६३

**फरक खर्च शिर्षक** २१०,३८०

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) बमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ। जस अनुसार जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा कार्यालयले निम्नाअनुसार फरक शिर्षकवाट खर्च गरेको देखिएकोले उपरोक्त नियम बमोजिम अनियमित देखिएको रू

| सि.न. | भौ.न.।मिति | खर्चको विवरण | वजेट खर्च | खर्च लेखेको शिर्षक | खर्च लेख्नुपर्ने शिर्षक |
|---|---|---|---|---|---|
| १ | ६०४-०७९।०३।२४ | घरभाडा भुक्तानी | १४६०० | २२४११ सेवा र परामर्श खर्च | २८१४२ घरभाडा |
| २ | ४८६-०७९।०३।१४ | तलव भुक्तानी | ७०००० | २११२१ पोशाक | २११११ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>एक गाँउ एक कृषि प्राविधिक तलब भत्ता</td></tr>
<tr><td>३</td><td>६२३-०७९।०३।२४</td><td>विविध खर्च</td><td>८५७८०</td><td>पदाधिकारि वैठक भत्ता र पदाधिकारि अन्य सामाजिक सुरक्षा खर्च</td><td>विविध खर्च</td></tr>
<tr><td>४</td><td>६२८-०७९।०३।२४</td><td>भ्रमण खर्च भुक्तानी</td><td>४००००</td><td>पदाधिकारि वैठक भत्ता</td><td>पदाधिकारि भ्रमण खर्च</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२,१०,३८०</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>
मुल्य अभिवृद्धि करमा दर्ता नभएका सङ्ग खरिद<br>
मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ मा रू. २० हजारभन्दा बढीको बस्तु खरिद गर्दा दर्ता भएको व्यक्ति, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले रू २० हजारभन्दा बढी मुल्यको बस्तु खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएका फर्म मार्फत सामान खरिद गरेको छ। यस्तो कार्यमा सुधार हुनुपर्ने देखिन्छ।
<table>
<tr><th>सि.न.</th><th>भौ.न।मिति</th><th>आपुर्तिकर्ताको नाम</th><th>कारोवार रकम</th></tr>
<tr><td>१</td><td>४४४।०७९।०३।०८</td><td>महारूद्र ट्रेडर्स एण्ड सप्लायर्स</td><td>३०८४०।</td></tr>
<tr><td>२</td><td>६०८।०७९।०३।२४</td><td>सिर्जनशिल कुखुरा तथा माछा फर्म एण्ड खुद्रा पसल</td><td>२१०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५१,८४०।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td>६२८</td><td>२०७९-३-२४</td><td>
विल भरपाई नरहेको -<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । पालिकाले कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च शिर्षक बाट वडा सचिव श्री मान बहादुर चन्द लाई भुक्तानी दिइएकोमा निजले वडा कार्यालयले निर्णय अनुसार सलेना स्वास्थ्य चौकी र दुर्गास्थान स्वास्थ्य चौकीलाई रु ५०,०००। का
</td><td>१००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | दरले रु १००,०००। जम्मा गरेको वैकं भौचर अनुसार देखिन्छ। सो रकम बाट स्वास्थ्य चौकीले कस्ता कार्यक्रममा खर्च गरे देखिने प्रमाण कागजात पेश नभएकोले त्यस्तो खर्च गरेको व्यहोरा सहित विल भरपाई पेश गर्ने रु | |
| ६६ | | | **एकल पुरुष तथा टुहुरा बालबालिका भत्ता -**<br>मेलौली नगरपालिका एकल पुरुष तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धि कार्यविधि ,२०७५ को ११ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन उपाध्यक्ष वा निजले तोकेको नगरपालिका कुनै सदस्य वा कर्मचारीले गर्ने व्यवस्था छ । यस पालिकाले आ व ०७८/७९ मा १७ टुहुरा बालबालिका र ९५ बिदुर पुरुष गरी जम्मा ११२ जनालाई मार्सिक रु २,०००। का दरले वर्ष भरी रु २५,६६,६७० खर्च गरेकोमा कार्यविधिमा व्यवस्था भएबमोजिम अनुगमन गर्ने गरेको पाईएन। जसले गर्दा वास्तविक लाभग्राहीले भत्ता पाएका छन छैनन। यसको प्रभाव कस्तो देखिएको छ भनि एकिन हुन सकिने अवस्था नदेखिएकोले पालिकाले अनुगमन कार्यलाई प्रथामिकतामा राखी अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ६७ | | | **शभामा उपस्थित वापतको भत्ता-**<br>सुदूरपश्चिम प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा ३(१) सँग सम्वन्धित अनुसुची १(ख )मा पदाधिकारिको सुविधा सम्वन्धि व्यवस्था गरेको छ।सो ऐनमा व्यवस्था गरेका सुविधाका अतिरिक्त थप सुविधा वापत नगर प्रमुख र उप प्रमुख लाई रु १,६००। का दरले र अन्य नगर सभा सदस्यहरुलाई रु १,२००। का दरले वर्षभरिमा ३ पटक संचालन भएको सभामा जम्मा दिन ९.७५ को कुल रु ५,९८,०००। खर्च लेखेको छ । स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधामा नपर्ने सभामा उपस्थित भए वापतको थप रकम भुक्तानी गरेको मनासिव देखिएन यसरी शभामा उपस्थिति भए वापतको भुक्तानी रकम सम्वन्धित व्यक्तीबाट असुल गर्नुपर्ने रु | ५९८,००० |
| ६८ | | | **समिति गठन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उक्त समिति गठन गरेको भए पनि समितिले ऐनमा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन । ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ । | |
| ६९ | | | **ट्याक्टर दुर्घट्ना**<br>ट्रली सहित कुल रु.२०,५१,६२१।०२ मुल्यको सु.प.प्र. ०२- ००१ द २५ को ट्याक्टर २०७८।८।६ मा बैतडी जिल्ला पञ्चेश्वरमा भाडामा पठाउँदा शिवनाथ गाउँपालिको मड भन्ने स्थानमा दुर्घटना भई हालसम्म पनि सोही स्थानमा नै रहेको जानकारी हुन आयो । उक्त ट्याक्टर संचालनमा ल्याउन सकिने अवस्था भए संचालनमा ल्याउने अन्यथा विमाका शर्त अनुसार ट्याक्टरको बीमा गरीएको बीमा कम्पनीबाट क्षतिपुर्ति माग दाबी गरी ट्याक्टरको जिन्सी खाता अद्यावधिक गरि राख्नु पर्ने देखिन्छ । | |
| ७० | | | **लेन्थ वर्कर पारिश्रमिक** | १५०,००० |

एउटा कार्यालयलाइ बिनियोजित बजेटबाट कार्यक्रम बेगर अन्य कार्यको भुक्तानी दिन मिल्ने देखिदैन तर संघीय सरकार अन्तर्गतको डिभिजन सडक कार्यालयबाट नियुक्त त्यहीँबाट पारिश्रामिक पाउने निम्न अनुसारका ब्यक्तिलाई यस पालिकाबाट पारिश्रमिक भुक्तानी दिएको देखियो । एउटा कार्यालयलाई प्राप्त रकम अन्य कार्यालय द्वारा कामदारलाई भुक्तानी दिने कार्य मनासिब देखिएन । रु.

| क.स | लेन्थवर्करको नाम | रुपैयाँ |
|---|---|---|
| १ | सरस्वती साउद | २५०००।०० |
| २ | दिनेश प्रशाद अवस्थी | २५०००।०० |
| ३ | लाल सिह ठगुन्ना | २५०००।०० |
| ४ | घनश्याम भट्ट | २५०००।०० |
| ५ | हरि सिह ठगुन्ना | २५०००।०० |
| ६ | वजीर सिह नायक | २५०००।०० |
| | जम्मा | १५००००।०० |

७१ **भ्रमण खर्च**

सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्,

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,
- भ्रमण प्रतिबेदन फा.नं. ९०९ प्रयोग गर्ने गरेको देखिएन ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

<table>
<tr><td>७२</td><td></td><td></td><td>गत आ व को भुक्तानि<br>आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ३९(१५) मा तलब(स्वीकृत दरबन्दीको), महङ्गि भत्ता र स्थानिय भत्ता, सरुवा भ्रमण खर्च, घरभाडा, पोशाक खद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम मात्र भुक्तानि दिन मिल्ने उल्लेख छ । यस पालिकाले देहाएमा उल्लेख भएका गत बर्षको भुक्तानी को प्रमाण वेगर भुक्तानि दिएको नियमित देखिएन रु.<br>
<table>
<tr><td>भौ नं/ मिति</td><td>खर्च शिर्षक</td><td>रकम रु.</td></tr>
<tr><td>५२।०७८।६।१७</td><td>चालु</td><td>३५०,०००।००</td></tr>
</table></td><td>३५०,०००</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>जिन्सी प्रतिवेदन<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम मिति २०७९।०४।१७ मा जिन्सी निरीक्षण प्रतिवेदन पेस गरेको पाईयो। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ। यस पालिकाको आ.व. २०७८।७९ को जिन्सी निरिक्षण प्रतिवेदनले उल्लेख गरेका मर्मत गर्नुपर्ने ९ वटा डेस्कटप कम्प्युटर, ६ वटा टेवल, ५ वटा दराज, ४ वटा कम्प्युटर टेवल, ६ वटा कुर्चि, २ वटा सोफासेट लगायत ७ प्रकृतिका ३५ वटा मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्थालाई चुस्त र दुरूस्त वनाउनुपर्नेमा सो गरेको देखिएन। जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरू मर्मतको कारवाही अगाडी वढाउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>पारिश्रमिक कर -<br>आयकर नियमावली २०५९ को नियम ३१ मा वार्षिक पारिश्रमिकमा लाग्ने कर दामासाहीको हिसावले मार्सिक रुपमा अग्रिम कट्टा गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै आयकर ऐन २०५८ को अनुसुचि १ बमोजिम करको दर निर्धारण गरी कर कट्टि गरी पारिश्रमिक भुक्तानी गर्नु पर्नेमा यस पालिकाले श्री कमलापती भट्टराईको पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर अग्रिम रुपमा कट्टि गरेको नदेखिएकोले नियमानुसार तपशिल बमोजिमको पारिश्रमिक कर असुल गरी दाखिला गर्नुपर्ने रु<br>
<table>
<tr><td>नाम</td><td>बार्षिक तलव भत्ता</td><td>जम्मा कट्टि</td><td>करयोग्य आय</td><td>कट्टि गर्न बाँकी कर रकम</td></tr>
<tr><td>कमलापती भट्टराई</td><td>६९७५३२</td><td>१४२९४४</td><td>५५४५८८</td><td>१०,९१७।</td></tr>
</table></td><td>१०,९१७</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>आवास भाडा</td><td>९६,०००</td></tr>
</table>

सुदूरपश्चिम प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा ३(१) सँग सम्वन्धित अनुसुची १(ख )मा पदाधिकारिको सुविधा सम्वन्धि व्यवस्था छ । सो ऐनमा व्यवस्था नभएको सुविधा वापत यस पालिकाले मासिक रु ८,०००। का दरले उपमेयरलाई आवास भाडा भुक्तानी गर्ने कार्यपालिकाले निर्णय गरी उपमेयर श्री कुमारी राधा ओझालाई वार्षिक रु ९६,०००। भुक्तानी गरेको छ। ऐनमा व्यवस्था नभएको सुविधा उपलब्ध गराउनु नियम विपरित देखिएको रु

७६

**स्थानीय तह पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१०१६६५००।० सुविधा वापत भुक्तानी भएको छ जुन आन्तरिक आयको २१६।४१ प्रतिशत रहेको छ । पालिकाले आफ्नो आन्तरिक आम्दानी वृद्धि गरि सेवा सुविधा भुक्तानी गर्नेतर्फ ध्यान पुर्याउनु पर्दछ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडा अध्यक्ष 9 जना | कार्यपालिका सदस्य 8 जना | सभाका सदस्य 31 जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 12000 | 12000 | 108000 | 96000 | 372000 | 600000 |
| २ | यातायात खर्च | | 120000 | 270000 | 48000 | 0 | 438000 |
| ३ | टेलिफोन, मोबाइल | 84000 | 72000 | 432000 | 336000 | 930000 | 1854000 |
| ४ | पुस्तक, पत्रीका, ईन्टरनेट | 78000 | 60000 | 432000 | 336000 | 744000 | 1650000 |
| ५ | समन्वय तथा सहजीकरण | 120000 | 108000 | 702000 | 576000 | 1488000 | 2994000 |
| ६ | अतिथि सत्कार | 132000 | 120000 | 864000 | 0 | 0 | 1116000 |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | 48000 | 42000 | 270000 | 240000 | 372000 | 972000 |
| ८ | चाडपर्व खर्च | 27500 | 25000 | 162000 | 80000 | 248000 | 542500 |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td>489500</td><td>559000</td><td>3240000</td><td>1712000</td><td>4154000</td><td>10166500</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>अनुदानको अनुगमन<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.१८,६७,२३८।- तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. २४,००,०००।- गरी रु. ४२,६७,२३७४अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७८</td><td>३३९</td><td>२०७९-१-१५</td><td>भ्रमण भत्ता<br>वडाध्यक्षले भ्रमण गर्दा दैनिक रु.१,२००।का दरले भुक्तानी दिनु पर्ने व्यबस्था छ ।तर वडा न.१ का वडा अध्यक्ष श्री चिन्तासिंह बिष्टलाई नगरपालिका बाहिर भ्रमण गर्दा एक दिनको रु.१,५००। का दरले ७ दिनको भ्रमण भत्ता रु.१०,५००।भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम अशुल गर्नुपर्ने रु.</td><td>२,१००</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>रितपूर्बकको कर बिजक<br>मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची-५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको बिभिन्न मितिका परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले बिभिन्न निर्माण ब्यबसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मू.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर विजक जारी गरेको पाईएन । मू.अ.करमा दर्ता भएको ब्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक यकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>बजेट उपशिर्षक</th><th>गो.भौ./मिति</th><th>व्यबसायीको नाम</th><th>बिजक नं/मिति</th><th>कुल भुक्तानी रकम</th><th>मु अ कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>प्रदेश सरकारबाट</td><td>१९/०७९/३/१५</td><td>गंगेश्वर निर्माण सेवा</td><td>५।०७९।३।१३</td><td>१०२९५२१।५४</td><td>११८४४०</td><td>कर बिजक नं</td></tr>
</table>
</td><td>४४५,९८५</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td rowspan="2">हस्तान्तरित बिशेष अनुदान पुँजीगत</td><td>१७/०७९/३/१५</td><td>गंगेश्वर निर्माण सेवा</td><td>४/०७९/३/१५</td><td>३७७९५७।८८</td><td>४३४८१।</td><td rowspan="2">हातले लेखेको</td></tr>
<tr><td>३</td><td>२७/०७९/३/१५</td><td>गंगेश्वर निर्माण सेवा</td><td>६/०७९/३/२५</td><td>६५७८३७।७५</td><td>७५६८०।</td></tr>
<tr><td>४</td><td>न.पा पूँजीगत</td><td>२०/०७९/३/१४</td><td>न्यू जगदम्बा निर्माण सेवा</td><td>५/०७९।३।१५</td><td>१८११३३४।३</td><td>२,०८,३८४</td><td>मुख पृष्टमा कर बिजक नलेखेको, कप्युटर प्रिन्ट्र बिल पेश गरेको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>४,४५,९८५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>विपद व्यवस्थापन</td><td></td></tr>
<tr><td>८०.१</td><td></td><td></td><td>विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ । पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु ५,६३,५२१।९२र यो वर्ष कुनै आम्दानी भएकोम देखिदैन, कोषबाट यो बर्षमा रु ३,६०,४५९।०० खर्च भई रु २,०३,०५५।०३ बाकी रहेको देखीयो ।कोभिड कोषबाट खर्च गर्ने कार्यविधि तथा नियम बनाएको अवस्था छैन । विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८०.२</td><td></td><td></td><td>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ८०.३ | | | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ । | |
| ८१ | | | **सम्पत्तिको संरक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजिनक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अध्यावधिक गरेको छैन ।सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा कार्यालयको ध्यान जानु पर्दछ । | |
| ८२ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.४,४०,०००। आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेखे कार्यमा नियन्त्रण गर्नुपर्दछ । उक्त खर्च आन्तरिक आय रु.४६९७८०३।० को ९।३७ प्रतिशत रहेको छ । आर्थिक सहायता दिने कार्यलाई घटाउँदै लैजानु पर्दछ । | |
| ८३ | | | **महोत्सब**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष २०७८।१२।११ र १२ गते पालिकाले कृषि व महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.४,५०,०००।- खर्च गरेको छ । | |
| ८४ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१४,९६,०००।- खर्च गरेको छ ।उक्त खर्च आन्तरिक आय रु.४६९७८०३।० को ३१।८४ प्रतिशत रहेको छ ।बिबिध खर्च घटाउँदै जाने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ८५ | | | **सिफारिस बेगर भुक्तानि** | |

<table>
<tr><td></td><td></td><td></td><td>प्राविधिक तथा अन्य शाखाहरूबाट आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक अन्य कागज पत्रहरू सहित सिफारिसको लागि म.ले.प. फारम नं २०२ को ढाँचामा भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनु पर्नेमा सिफारिस पत्र नलिई भुक्तानी दिने गरेको देखियो । आर्थिक प्रशासन शाखाले भुक्तानी दिदा सिफारिस पत्र लिएर भुक्तानी दिने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>खरिद गुरुयोजना<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९,४२,४७,९२१३५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>सवारी साधन खरिद<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस बर्ष कुनै सवारी साधन खरिद गरेको देखिएन । नेपाल सरकारबाट प्राप्त रकमबाट सवारी साधन खरिद नगर्ने प्रकृयालाई निरन्तरता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>डोजर लोडर स्काभेटर मर्मत्<br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.२७,०७,६१३।८ खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु.४,६५,४५०।- मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।
<table>
<tr><th>मेशिनरी</th><th>संख्या</th><th>मर्मत</th><th>ईन्धन रकम</th><th>आम्दानी रकम</th></tr>
<tr><td>जिप</td><td>१</td><td>2,69,023.11</td><td>3,10,000.00</td><td></td></tr>
<tr><td>लोडर</td><td>१</td><td>4,91,153.00</td><td>3,90,000.00</td><td>8,850.00</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>ट्रिपर</td><td>१</td><td>4,01,570.00</td><td>3,00,000.00</td><td>67,300.00</td></tr>
<tr><td>ट्याक्टर</td><td>१</td><td>1,28,040.00</td><td>65,000.00</td><td>47,000.00</td></tr>
<tr><td>एम्बुलेन्स</td><td>१</td><td>2,02,827.69</td><td>1,50,000.00</td><td>3,42,300.00</td></tr>
<tr><td>जम्मा</td><td></td><td>14,92,613.80</td><td>12,15,000.00</td><td>4,65,450.00</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>८९</td>
<td>३८९</td>
<td>२०७९-१-२३</td>
<td>अघिल्लो आर्थिक वर्षको खर्च -<br>प्रदेश सरकार आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१ मा चालु बर्षको बजेटले नखामेमा खर्च व्यहोर्नु पर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारीमा प्रमाणित गराई राखेको अवस्थामा उक्त खर्चको भुक्तानी अर्को आर्थिक वर्षमा दिन सकिने उल्लेख छ।पालिकाले अघिल्लो आर्थिक वर्षको सरकारी निकाय समिति बोर्ड पुजिगत सशर्त अनुदान अन्तर्गतको शिव मन्दिर देखि मणिलेख क्याम्पस सम्मको बाटो निर्माणको रु ५५,०००। भुक्तानि दिन बाँकी भनी कार्यपालिका बाट निर्णय भए पनी भुक्तानी दिन बाँकीको कच्चावारीमा उल्लेख नगरी विविध खर्च शिर्षक बाट रु ५४,०००। भुक्तानी दिएकोले नियमित नदेखिएको रु</td>
<td>५४,०००</td>
</tr>
<tr>
<td>९०</td>
<td></td>
<td></td>
<td>धरौटी फिर्ता<br>सार्बजनिक खरिद नियमावली ,२०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अवधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फितां माग गनें करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गनें पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजनको पत्र वा कर चुक्ता प्रमाणमात्र पेश गरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डी एल पी अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएको भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु.१०,५१,११०। धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><td>क सं</td><td>गो भौ/ मिति</td><td>धरौटी फिर्ता पाउने</td><td>कैफियत</td><td>धरौटी फिर्ता रकम रु.</td></tr>
<tr><td>१</td><td>४/०७८।६।१७</td><td>प्रमोद कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>मु अ कर समायोजन नभएको</td><td>२,०६,९५३।</td></tr>
<tr><td>२</td><td>३/०७८।१२।१७</td><td>शुभकामना निर्माण सेवा</td><td>कर चुक्ता प्रमाण नभएको</td><td>३,०८,१५७।</td></tr>
<tr><td>३</td><td>२०/०७९।३।१</td><td>महादेब कन्स्ट्रक्सन</td><td>मु अ कर समायोजन नभएको</td><td>५,३६,०००।</td></tr>
</table>
</td>
<td>१,०५१,११०</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | १०,५१,११०। |

| | | | | |
|---|---|---|---|---|
| ९१ | | | **डोरम्याट खाताको विवरण**<br>बैंकले गत विगत आर्थिक वर्ष तथा यस आर्थिक वर्षमा भुक्तानी भएको रकम मध्ये रिभर्स फिडमा सबै रकम प्रविष्टि गरि खातामा जम्मा गरेको उल्लेख गरेकोमा के कति लाभग्राहीले उक्त रकम निकाले र के कति बाँकी छ सो को विवरण पालिकामा उपलब्ध गराएको छैन । जसबाट निष्क्रिय लाभग्राहीको विवरण सम्बन्धमा यकिन हुन सकिदैन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार मृत्यु भएको लाभग्राहीको हकदारलाई मृत्यु भएको दिनसम्मको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराए पश्चात निज लाभग्राहीहरुको खातामा बचत रकम बन्द गरेपश्चात यस नगरपालिकालाई फिर्ता हुनुपर्ने रकम रु.६२४०००।० बैकमा बाँकी रहेको देखिएकोले बाँकी रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | ६२४,००० |
| ९२ | | | **सामाजिक सुरक्षा तर्फ बढी निकासा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी खर्च लेख्ने गरेको समेत देखिएको छ । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु. | २२२,३८४ |

| सि नं | भत्ताको प्रकार | लाभग्राही | ना प्र नं | दर | रकम | किस्ता |
|---|---|---|---|---|---|---|
| | वडा नं १ | | | | | |
| १ | जेष्ठ नागरिक भत्ता | गोबडी नायक | 733004-469 | १२००० | ४८००० | चार |
| २ | जेष्ठ नागरिक भत्ता | सरस्वती विष्ट | 73-01-77-04497 | | ४८००० | चार |
| ३ | जेष्ठ नागरिक दलित | गबु देबी लोहार | 1238 | ७९८० | ३१९२० | चार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | जेष्ठ नागरिक दलित | पशुपति दमाई | 35739 | ७९८० | ३१९२० | चार |
| ५ | जेष्ठ नागरिक दलित | सीता पार्की | 73017004419 | ७९८० | ३१९२० | चार |
| ६ | बाल पोषण क्षेत्र | अस्मिता नेगी | 128 | १५९६ | ६३८४ | चार |
| ७ | बाल पोषण क्षेत्र | सँगित सिंह नायक | 5-8-2017 | १५९६ | ३२९२ | दुई |
| ८ | बाल पोषण क्षेत्र | विवेक बहादुर चन्द | 18-11-2076 | १५९६ | ३२९२ | दुई |
| | | वडा नं.२ | | | | |
| ९ | बाल पोषण दलित | सोमु दमाई | 12-08-2074 | १५९६ | ४७८८ | तीन |
| १० | बाल पोषण दलित | देवेन्द्र वड | 315 | १५९६ | ४७८८ | तीन |
| ११ | बाल पोषण दलित | आयुशा भट्ट | 16-10-2077 | १५९६ | १५९६ | एक |
| | | वडा नं.७ | | | | |
| १२ | बाल पोषण क्षेत्र | मुकेश सिंह रावत | 17-7-2018 | १५९६ | ३२९२ | दुई |
| १३ | बाल पोषण क्षेत्र | पुनम भट्ट | 146 | १५९६ | १५९६ | एक |
| १४ | बाल पोषण दलित | उर्मिला पार्कि | 64 | १५९६ | १५९६ | एक |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>२,२२,३८४</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>रिभर्स फिड र फर्वाड फिड<br>सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धत लाभग्राहिको नाममा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा यकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ</td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>निकासा भत्ता वितरण नभएको<br>पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा बापत बैंकिङ्ग विधि (एनसिसि बैंक, मेलौली) बाट बितरण गरि रु.१०,४१,५५,३६८।० खर्च लेखेको छ । पालिकाले वितरणको लागि बैकमा निकासा गरेको रकम सबै जम्मा गरेको उल्लेख गरि रिभर्स फिड पालिकालाई उपलब्ध गरेको छ । यसरी निकासा भएको रकम मध्ये पालिकाले उपलब्ध गराएको विवरण अनुसार गत विगत देखि हालसम्म रु.७९ लाख ९३ हजार रकम बराबरको खाताको KYC Update हुन बाँकी रहेको देखिन्छ । यसरी खाता अध्यावधिक नभएको विवरण अनुसार सम्बन्धित लाभग्राहीले भत्ता बुझे नबुझेको सम्बन्धमा यकिन हुन सकिदैन । यस सम्बन्धमा पालिकाले वितरण हुन नसकेको रकम प्राप्त गरी संघीय राजश्वमा जम्मा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९५</td><td></td><td></td><td>अनुगमन तथा संपरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐनस्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।<br>रु हजारमा<table><tr><td>गत बर्ष सम्मको बेरुजू</td><td>यो बर्ष सम्परीक्षण गरिएको</td><td>गतबर्ष सम्मको बाँकि बेरुजू</td></tr><tr><td>९९१८०</td><td>०</td><td>९९१८०</td></tr></table></td><td></td></tr>
</table>